# संघीय संसद

# राष्ट्रिय सभा

# चौधौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# २६ वैशाख २०८०

# मङ्गलवार

# बैठक सङ्ख्या- ३

राष्ट्रिय सभाको आजको बैठक सम्मानीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १०:३१ बजे प्रारम्भ भयो ।

(१०:३३ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू, हिजो मिति २०८०/०१/२५ गतेको बैठकमा प्रमुख प्रतिपक्षका माननीय सदस्य भैरव सुन्दर श्रेष्ठले उठाउनुभएको विषयमा सभाको ध्यानाकर्षण भएको छ ।

माननीय सदस्यले ध्यानाकर्षण गराउने सन्दर्भमा २०८० बैशाख २४ गतेको बैठकमा दलका नेताहरूले आफ्ना भनाइ राख्ने क्रममा माननीय रमेशजंग रायमाझीबाट प्रयोग भएको असंसदीय शब्द रेकर्डबाट हटाइयोस् भनि माग गर्नुभएकोले उहाँले बोल्दा प्रयोग गर्नुभएको "उहाँको झट्केलो छोरो हो, टोपबहादुर रायमाझी" भन्ने वाक्यांश राष्ट्रिय सभा नियमावली, २०७५ को नियम २१ को (घ) को व्यवस्थासँग मेल खाने नदेखिएकोले मिति २०८० बैशाख २४ गतेको रेकर्डबाट हटाउन सचिवालयलाई निर्देशन गर्दछु ।

माननीय सदस्यहरूले सभामा बोल्दा राष्ट्रिय सभाको हालसम्मको अभ्यासलाई समेत मध्यनजर गर्दै राष्ट्रिय सभा नियमावली, २०७५ को नियम २१ को व्यवस्थाबमोजिम शिष्ट र मर्यादित शब्दहरूको प्रयोग गर्नुहुनसमेत माननीय सदस्यहरूलाई अनुरोध गर्दछु ।

माननीय सदस्यहरू, शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु ।

(माननीय रमेशजंग रायामाझी उठ्नुभएको ।)

**<u>सम्माननीय अध्यक्ष</u>**:- के छ माननीयज्यू, एकदम सङ्क्षेपमा, छोटो ।

(१०:३५ बजे) **<u>माननीय श्री रमेशजंग रायमाझी (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, मैले अस्ति बोल्ने क्रममा देशको माननीय हराएको र सरकारले चाहिँ माननीयलाई खोजिरहेको । अनि फेरि बन्धु भएको कारणले पनि अलि बढी धेरै चासो राखेको मैले । र बन्धु हराएको विषयमा अलि बढी चासो राख्नु मेरो स्वभाविक पनि हो जस्तो लाग्छ । त्यही सिलसिलामा मैले यो आफ्नै सन्तान बनाउन उहाँले हिजो साथीहरूले, माननीय साथीहरूले अब्जेक्सन जनाउनुभयो । मैले उहाँहरूको आफ्नै सन्तान हो । झड्केलो होइन भनेकोमा झन खुशी नै व्यक्त गर्छु ।

त्यसकारण पनि मैले चाहिँ एउटा माननीय देशलाई सूचना नदिइकन काठमाडौं आउँदै गरेको माननीय । काठमाडौं आउन भनेर पिलेन चढ्न तयार भएको माननीय । न देशभित्र न देशबाहिर कहाँ गएको भन्ने जानकारी नभएको हुँदाखेरि ती माननीयको खोजि गरेको हुँ । त्यसकारण पनि यसलाई उहाँले आपत्ति जनाउनुभयो । आपत्ति जनाउने कुरामा, आपत्ति जनाएर आज चाहिँ यो हाम्रै सन्तान हो भन्देकोमा । धन्यवाद छ ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, मैले यहाँ जुन शब्दहरू राखेको छु । त्यो यो नियमसँग नमिल्ने भा' को हुँदा भनेको छु । यो विषय अब यहीं अन्त्य भा'को छ । शून्य समयमा बोल्नका लागि प्रत्येक माननीय सदस्यहरूलाई १/१ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय अनिता देवकोटा ।

(१०:३६ बजे) **<u>माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्षज्यू, नक्कली भुटानी शरणार्थी प्रकरणलाई जघन्य र मानव तस्करी अपराधका रूपमा गम्भीर ढङ्गले

छानविन गरिनुपर्दछ । जनताले यसको वास्तविकता र सत्य तथ्य बुझ्न चाहिरहेका छन् । संगठित अपराधलाई संरक्षण गर्नुहुँदैन । यो मुद्दाले अन्तर्राष्ट्रिय रूपमै नेपालको छवि नराम्रो बनाएको छ । निष्पक्ष छानविन गरेर सत्य तथ्य बाहिर ल्याउन, दोषिलाई कानुनी कार्यबाही गर्न सरकारसँग जोडदार माग गर्दछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय ईन्दु कडरिया ।

(१०:३७ बजे) **<u>माननीय श्री ईन्दु कडरिया (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, कञ्चनपुर जिल्ला पुर्नवास नगरपालिकामा पर्ने डोको बजारदेखि बेलौरी नगरपालिकाको बेलौरी बजार हुँदै कङ्गापुरसम्मको करिब ४५ किलो मिटर सडक निर्माण भएको वर्षौं भइसक्यो । तर पनि हालसम्म सम्पन्न हुन सकेको छैन । वर्षायाममा हिलो र हिउँदमा धुलोले आवात जावतमा समेत समस्या हुने हुँदा त्यस्ता ग्रामीण क्षेत्रमा पर्ने सडकलाई उचित बजेटको व्यवस्था गरी समयमा नै सम्पन्न गर्न र जनतालाई आवात जावतमा सहजता बनाउन म अध्यक्षमार्फत सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय खिमलाल देवकोटा ।

(१०:३७ बजे) **<u>माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, अहिले नेपाली क्रिकेटमा उत्कृष्ट खेल प्रदर्शन गरेको छ । नेपालको इज्जत र सम्मानलाई सगरमाथाभन्दा पनि उचाईमा पुऱ्याउने खेलाडीहरूलाई सरकारीले झारटार्नुभन्दा पनि उचित सम्मान र पुरस्कृत गरोस् । राष्ट्रियस्तरमा योगदान पुऱ्याएको नाममा जो जस्ता पनि पुरस्कृत गर्ने र सम्मान गर्ने चलन छ भन्ने व्यापक गुनासो छ । यदि त्यस्तै हो भने त्यो खारेज गरियोस् । हटाइयोस् । त्यो पुरस्कार र सम्मानको वास्तविक हकदार भनिएका क्रिकेटका ती खेलाडीहरू हुन् ।

अन्तर्राष्ट्रिय स्तरको रङ्गशाला निर्माणमा निर्माणमा विशेष ध्यान दियोस् । खेललाई पनि पर्यटन उद्योगसँग जोडेर हेर्न सकिन्छ । भारत र चीन, भारत र पाकिस्तानलगायतका देशहरू बिचको टकरावको फाइदा पनि नेपालले लिन सक्ने गरी खेल पूर्वाधारमा लगानी बढाइ अन्तर्राष्ट्रिय खेलहरूको हबको रूपमा नेपाल अगाडि बढायोस् । भारत र पाकिस्तान बिचको

क्रिकेट खेल नेपालमा पनि खेलाउन सक्छौं भन्ने तत्परताका साथ सरकार अगाडि बढोस् । हवस्त, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय दीपा गुरुङ्ग ।

(१०:३८ बजे) **<u>माननीय श्री दीपा गुरुङ्ग (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- ..... यो आवाज उठ्नु जायज छ । तर न्यायसङ्गत हुन जरुरी पनि छ । धेरै लामो समयबाट भ्रष्टाचारको काण्डै काण्डमा देशमा छाएको छ । यो छानविन गर्न जरुरी छ । र मैले यो धेरै लामो समयबाट उठेको काण्डै काण्डअन्तर्गत क्यान्टोमेण्टको काण्ड पनि बाहिर आएको छ । यसलाई गृहमन्त्रीज्यूबाट राम्रोसँग न्यायसङ्गत कानुनी तवर तरिकाबाट बाहिर ल्याउन उचित ठान्द छु भन्दै अध्यक्ष महोदयको बाट ध्यानाकर्षण गराउन चाहन्छु । हवस्त, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय दिल कुमारी रावल थापा ।

(१०:३९ बजे) **<u>माननीय श्री दिल कुमारी रावल थापा "पार्वती" (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, आज नेपाली समाज गरिब जनताका छोरा छोरी स्कुल र कलेजको शुल्क तिर्न नसकेर प्रवेश पत्र नपाउँदा आत्महत्या गरेर जीवन गुमाउन बाध्य छन् । उद्योग व्यावसायहरू ऋण तिर्न नसकेर आत्महत्या गरिरहेका छन् ।

बिरामी नागरिकले उचित उपचार गर्न नपाएर मर्नुपरेको स्थिति छ । किसानले आफ्नो उत्पादित वस्तु बजार नपाएर सडकमा फाल्नुपर्ने बाध्यता छ । सार्वजनिक सेवा सुविधा ढिला सुस्ति भनसुन पैसा नखुवाइ काम, पैसा खुवाएर काम गराउनुपर्ने स्थिति छ ।

र भ्रष्टाचारले मुलुक आक्रान्त छ । अर्थतन्त्र टाट पल्टिँदै छ । जनतामा निरासा र आक्रोस छ । यस्तो अवस्थाको अन्त्य गर्न जनतामा आसा र विश्वास जगाउन अति आवश्यक भएको छ । ढिलो भइसकेको छ । त्यसैले हालसम्म उच्च स्थानमा रहेको राजनीतिक तथा प्रशासन नेतृत्वको सम्पत्ति छानविन गरौं । सो का लागि अधिकार सम्पन्न उच्चस्तरिय न्यायिक आयोग गठन गरी सम्पूर्ण भ्रष्टाचार अनियमितासँग सम्बन्धित घटनाको तथ्य सत्य छानविन गरी कारबाहीको दायरामा ल्याउन अध्यक्षज्यूमार्फत नेपाल सरकारसँग जोडदार माग गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय प्रकाश पन्थ ।

(१०:४० बजे) **माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, हालसम्मका सबै प्रधानमन्त्री, मन्त्री, सांसद र कर्मचारीहरूको सम्पत्ति छानविन गरियोस् । भ्रष्टाचार विरुद्ध कडा कानुन र एक्यासन सुरु गरियोस् । सदाचारको नीति प्रधानमन्त्री कार्यालयबाटै प्रारम्भ गरियोस् । आर्थिक मन्दीको समयमा तलबबाहेकका सबै सुविधाहरू कटौती गरियोस् । सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको सामाजिक सुरक्षा सुनिश्चित गरियोस् । नेपाल सरकारसँग सम्बन्धित निकायको गम्भीर ध्यान आकर्षण गराउँदछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय भैरव सुन्दर श्रेष्ठ ।

(१०:४१ बजे) **माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, जाजरकोट जिल्लामा रहेका सात ओटा गाउँपालिका, नगरपालिका, गाउँपालिकाहरूमाथि पशुहरूलाई लाग्ने अहिले बाख्रामा चाहिँ खसी, बाख्राहरूमा चाहिँ त्यो रोग लागिरहेको छ । छालासम्बन्धी रोग चाहिँ हो । त्यो रोग चाहिँ सात ओटै गाउँपालिकामा रहेका सबै ठाउँमा त्यो रोगले चाहिँ ती चौपायाहरू आक्रान्त चाहिँ भा'का चाहिँ छन् । त्यसको विषयमा के हो भन्ने कुरो त्यहाँका जनशक्तिको अभावको कारणले गर्दा सातओटै पालिकामा जतिसक्दो पुगिरहेको चाहिँ छैन । यसतर्फ नेपाल सरकारको ध्यान जानको निम्ति म अध्यक्षज्यूमार्फत सरकारको ध्यानाकर्षण गराउँछु । धन्यवाद ।

(१०:४१ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, राष्ट्रपतिको कार्यालयबाट मन्त्रीको नियुक्ति, हेरफेर र कार्यभार तोकिएको सम्बन्धी पत्र प्राप्त हुन आएको छ । अब म उक्त पत्रको बेहोरा जानकारी गराउँदछु ।

विषयः मन्त्री नियुक्ति, हेरफेर र कार्यभार सम्बन्धमा।

सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूले सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड"ज्यूको नेतृत्वमा मिति २०७९/०९/११ गते गठित मौजुदा मन्त्रिपरिषद्मा नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको मिति २०८०/०१/२३ को सिफारिसमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको कार्यभार सम्हाल्दै आउनुभएका माननीय मन्त्री महिन्द्र राय यादवलाई प्रधानमन्त्रीज्यूले सम्हाल्दै आउनुभएको खानेपानी मन्त्रालयको कार्यभार सम्हाल्ने गरी हेरफेर गर्नुभएको र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको मन्त्री पदमा माननीय सुरेन्द्र राज आचार्यलाई नियुक्त गरी कार्यविभाजन गर्नुभएको बेहोरा सादर अनुरोध गर्दछु ।

(यादवप्रसाद कोइराला)

सचिव

२०८०/०१/२४

माननीय सदस्यहरू, माननीय अर्थमन्त्री डा. प्रकाशशरण महतले "आर्थिक वर्ष २०८०/०८१ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्ताव बाहेक) सम्बन्धमा सभामा छलफल गरियोस्" भनी राख्नुभएको प्रस्तावमाथिको छलफलको क्रम जारी रहन्छ ।

माननीय सदस्यहरू, उक्त प्रस्तावका सम्बन्धमा छलफलमा भाग लिन प्रत्येक प्राप्त भएको नामअनुसार बाँकी माननीय सदस्यहरूलाई क्रमशः समय उपलब्ध गराउँदछु ।

(१०:४३ बजे) **माननीय श्री जगप्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, माननीय सदस्यहरू हामी यो आ.व. २०८०/०८१ को प्रिबजेटमा छलफल गरिरहेका छौं । वर्षभरि राजनीतिक विषयमा अन्य मुद्दाहरूमा छलफल चल्ने र यो समय भनेको नेपालको सन्दर्भमा अर्थतन्त्रको बारेमा बजेट निर्माणको बारेमा छलफल चल्ने समय हो । यसमा महत्त्वका साथ छलफल चलिराखेको छ । यो गरिमामय सदनमा र अर्थमन्त्रीले अहिलेको अवस्था अहिलेको स्थितिलाई विश्लेषण गर्दै यो विनियोजन विधेयक, २०८० का सिद्धान्त र प्राथमिकता यहाँ प्रस्तुत गर्नुभएको छ यो सर्सर्ती हेर्दा खास गरी यसको एउटा उद्देश्य यसलाई पाँच भागमा मैले हेरें । एउटा उद्देश्य दोस्रो यसको चुनौती सम्भावना र समस्याहरू तेस्रो सिद्धान्त र चौथो क्षेत्रीय प्राथमिकता र पाँच नम्बरमा निचोड यसरी सर्सर्ती हेर्दा यसलाई अध्ययन गर्दा यो लक्ष्य उद्देश्यमा खास गरी पाँचओटा कुराहरू दिगो फराकिलो एवम् समावेशी आर्थिक वृद्धि गर्ने एउटा लक्ष्य रोजगारीको अवसर बढाउने दोस्रो । तेस्रो सुशासन प्रवर्दन गर्ने र

चौथो सेवा प्रवाहलाई सुधार गर्ने र अर्को पाँचौ कुरा स्रोत साधनको प्रभावकारी परिचालन गर्ने ढङ्गले विश्लेषण गरिएको छ ।

र यसको चुनौती सम्भावना र समस्याहरूलाई चाहिँ चारओटा बुँदाहरूमा विश्लेषण गरिएको छ । जो देश यथार्थ चित्र यसमा देखिन्छ भन्ने लाग्छ । ६ ओटा बुँदामा यसका सिद्धान्तहरू उल्लेख गरिएको छ र अठारओटा बुँदामा यसका क्षेत्रीय प्राथमिकताहरू क्षेत्रीय प्राथमिकताहरू क्षेत्रगत प्राथमिकताहरू उल्लेख गरिएको छ । र निचोडमा आएर तीनटा बुँदामा वर्तमानको समस्या र चुनौतीको सामना गर्ने अर्थतन्त्रलाई गतिशील बनाउने र आर्थिक सामाजिक विकासको माध्यमबाट समुन्नत नेपाल निर्माण गर्ने भनेर यसको निष्कर्ष निकालिएको छ । समुन्नत नेपाल भने पनि अथवा सुखी नेपाली भने पनि समुन्नत नेपाल हुँदा सुखी नेपाल हुने समृद्ध नेपाल हुने समृद्ध नेपाल हुँदा सुखी नेपाली हुने कुरा यहाँ उल्लेख छ । यो अर्थमा यो २०८० को सिद्धान्त तथा प्राथमिकता जो ढङ्गले पेस भएको छ । यसको मूल स्पिरिडमा समर्थन गर्न चाहन्छु ।

र केही सुझावहरू सङ्क्षिप्तमा केही सुझावहरू के राख्न चाहन्छु भने पूर्ववक्ता माननीयहरूले यहाँ धेरै कुरा उल्लेख गर्नुभ'को छ । मुख्य कुरा हाम्रो चुनौती हो । नयाँ संविधान जारी गरेपछि सायद वहाँ पाँचौं अर्थमन्त्रीका रूपमा आउनुभएको छ । ठुला महान एउटा अर्थविध अर्थविज्ञ पनि यो देशमा हामीले अर्थमन्त्रीका रूपमा पायौं । राजनीतिज्ञलाई पनि हामीले अर्थमन्त्रीका रूपमा पायौं । अहिले अर्थविध पनि राजनीतिज्ञ पनि अर्थमन्त्रीका रूपमा आउनुभ'को छ ।

मूल कुरा यो देशमा अहिले एउटा वित्तीय सङ्कट आर्थिक सङ्कट जो छ । त्यसको समाधान कसरी गर्न सकिन्छ भन्ने कुरा सामान्य शल्यक्रियाबाट क्यारे सामान्य झरफुकबाट होइन कि एउटा ठुलो शल्यक्रियाबाट मात्रै यसको समाधान गर्न सकिन्छ भन्ने सबैको साझा निचोड निष्कर्ष हो भन्ने मलाई लाग्दछ । यो अर्थमा यो शल्यक्रिया हामी जहाँ छौं र हामीसँग जे छ । त्यसैबाट सुरु गरेर मात्र यो अगाडि बढ्न सक्छ कि सबै कुरा एकैचोट्टि एकै रातमा प्राप्त हुँदैन । त्यो कुरा हामी मलाई लाग्छ ।

सम्माननीय अध्यक्ष महोदय, खास गरी यसमा मैले चुनौतीहरू हामी राजनीतिक व्यवस्था फेर्यौं तर अर्थ व्यवस्था पुरानो छ । हामी व्यवस्था बदल्यौं तर अवस्था फेरिएको छैन । उप्परी संरचना फेरौं ।

**(१०:४७ बजे)** **<u>पीठासीन</u>**: माननीय उपाध्यक्ष श्री उर्मिला अर्याल ।

**<u>माननीय श्री जगप्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- तर आधार फेरिएको छैन । त्यो आधार फेरिने भनेको स्वाभाविक हिसाबले हाम्रो आर्थिक आधार र संरचना सामाजिक आधार र संरचना फेरिने कुरा हो । यो फेर्नका निम्ति मुख्य कुरा सरकारले अर्थमन्त्रीले सरकारको नेतृत्व गर्ने नेतृत्वकर्ताहरूले एउटा आँट गर्न सक्छन् कि सक्दैनन् भन्ने कुरा प्रमुख कुरा हो । खास गरी हामीसँग भएको पाँच "ज" का रूपमा जनशक्ति छ, हामीसँग जमिन छ, हामीसँग जङ्गल छ, हामीसँग जडिबुटी छ । यो "ज" लाई हामीसँग पर्याप्त रूपमा कहींबाट ल्याउनुपर्दैन । आयात गर्नुपर्दैन । विद्यमान रूपमा हामीसँग यो छ र यसको ठिक ढङ्गले सदुपयोग गर्न सक्दा हामी देशमा आर्थिक हिसाबले एउटा ठुलो कायापलट गर्न सक्छौं भन्ने आधार हामीसँग स्वाभाविक हिसाबले छ ।

मूलतः हामीले कानुन, नियम र संरचना हाम्रा केही समस्याहरू छन् । मूल कुरा विद्यमान रूपमा अहिलेसम्म रहिआएका कानुनहरू कार्यान्वयन गर्नका निम्ति बाधकका रूपमा रहेका कानुनहरू, नियमहरू हाम्रा संरचनाहरूलाई हामीले बदल्न सक्छौं कि सक्दैनौं भन्ने चुनौतीका रूपमा अगाडि छ । म सम्माननीय अध्यक्षमार्फत अर्थमन्त्रीको ध्यान आकर्षण कहाँ गराउन चाहन्छु भने कि सामान्य परम्परागत ढङ्गले अथवा सामान्य यथास्थितिवादी तरिकाले मात्रै जस्तो यो बदलिन र रूपान्तर हुन सक्दैन । तसर्थ मैले पछाडि फर्केर इतिहासपट्टि फर्केर के कुरा उठाउन चाहन्छु भने । अहिले अर्थमन्त्री काँग्रेसबाट प्रतिनिधित्व गर्नुहुन्छ । सायद इतिहासको कुनै कालखण्डमा प्रजातन्त्रमा मात्रै सीमित रहेको काँग्रेसलाई समाववादमा उठाउने समाजवादभन्दा तर्सिने सिङ्गो पङ्तीलाई साहास गरेर उठाउने बीपी कोइराला संवैधानिक राजतन्त्रमा मात्र रहेको नेपाली काँग्रेसलाई साहास गरेर गणतन्त्रसम्म ल्याइपुऱ्याउने त्यो आन्दोलनको नेतृत्व गर्ने गिरिजाप्रसाद कोइरालाबाट सिकेर अहिलेको अर्थतन्त्रलाई बदल्ने कुरा नयाँ ठाउँमा पुऱ्याउने कुरा अहिले अवसर आएको छ । किनकि हामी कहाँ सङ्कट छ । सबैको साझा निष्कर्ष भनेको हामीकहाँ ठुलो सङ्कट छ । स्वाभाविक हिसाबले यो सङ्कटले कि त अवसर जन्माउँछ । कि त अवसानमा लैजान्छ । सङ्कटले जन्माउने अवसर र अवसानमाध्ये हामी कतापट्टि जाने भन्ने कुरा नेतृत्वकर्तामा भर पर्ने कुरा हो । यो अर्थमा वर्तमानको अर्थमन्त्रीले नयाँ आँट नयाँ साहास गर्नुस् र देशको अर्थतन्त्रलाई किन प्राकृतिक साधन स्रोतका हिसाबले हामी सम्पन्न छौं । हामी नयाँ ढङ्गले अगाडि लिन सक्छौं भन्ने म सुझाव दिन चाहन्छु ।

र खास गरी अहिले जे चर्चा परिचर्चा चलिरहेको छ । २००० मा म पहिला जान चाहन्नँ । ०७२ मा हामीले संविधान जारी गयौं ०७४ देखि यहाँसम्म आइपुग्दाखेरि दुईपटक

आम चुनाव भयो र हामीले ४/५ जना अर्थमन्त्रीहरू अथवा सरकारहरूजस्तो बेहोर्यौं । भोग्यौं । हामी त्यो हामी जस्तो बेहोरेर आएका छौं । र यसलाई सर्सर्ती हेर्दा अहिले ०७४ देखि यहाँसम्मको हेर्दा मसँग समय त छैन । हाम्रो आर्थिक वृद्धि दर अथवा पुँजीगत खर्च र साधारण खर्चकोमतलब जस्तो अवस्था स्थिति हेर्दाखेरि एउटा आरोह अवरोह जिग्ज्याकबाट हामी आएका छौं । अहिलेको यो वर्षको परिक्षेपन खास गरी जस्तो जे थियो । जे गरिएको थियो । सरकारले गरिएको थियो । त्योअनुसार भएन भन्ने चर्चा परिचर्चा उठिराखेको छ । डाटा हेरेर मलतब विद्यमान डाटाले के बताउँछ भन्दाखेरि अर्थमन्त्रालयले २ प्रतिशत दुई अङ्कको मात्र जस्तो देखाउँछ । विश्व बैङ्कले जस्तोः चार पोइन्ट पाँच प्रतिशतमा देखाउँछ । यो हेर्दाखेरि जस्तो यो अन्तर किन छ? कतै यो देशको अर्थ नीति मौद्रिक नीतिको अन्तरविरोधका कारण यो पैदा भ'को हो कि भन्ने प्रश्न स्वाभाविक रूपले उठ्छन् । जे होस् त्यो चार पोइन्ट पाँच प्रतिशतले होस् या दुई पोइन्ट पाँच प्रतिशत होस् । पाँच होस् जे भए पनि जस्तो यो पुगेको छैन । मूल कुरा हामी यो योजना बनाउन आलोचना गर्नजस्तो जति सिपालु छौं । (अध्यक्ष महोदय, म १ मिनेट समय चाहन्छु ।) हामी आलोचना गर्न र योजना बनाउन जति सिपालु छौं । त्यसको तुलनामा निकै पछि छौं निकै हामी कमजोर छौं । त्यो योजना कार्यान्वयन गर्न त्यसैले योजना कार्यान्वयन गर्नेमा हामीले एउटा भाव र स्पिरिडका साथ अगाडि जान सक्यौं भने देशमा सङ्कट छ यो सङ्कटलाई एउटा राम्रो अवसरमा बदलेर हामी अगाडि जान सक्छौं । केबल राजनीतिक आग्रह पूर्वआग्रह केबल आलोचनाबाट मात्रै हामीमाथि उठ्न सक्दैनौं । अलिक रचनात्मक र सिर्जनात्मक ढङ्गले मात्रै देशलाई हामीले नयाँ ठाउँमा नयाँ ढङ्गले लिन सक्छौं । जसरी साझा सहमतिका रूपमा संविधान बन्यो । त्यसलाई कार्यान्वयन गर्ने सवालमा जुन सहमति बन्न सकेको छैन । त्यो सहमतिको विन्दु कहीं न कहीं खोजेर मात्रै हामी अगाडि..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय देवेन्द्र दाहाल । समय १५ मिनेट । त्यसपछि माननीय अनिता देवकोटा ।

(१०:५२ बजे) **माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, आज हामी नेपाल सरकारको तर्फबाट माननीय अर्थमन्त्रीज्यूले यो सदनमा विनियोजन विधेयक, २०८० का सिद्धान्त र प्राथमिकताका सम्बन्धमा प्रस्तुत गर्नुभएको जुन दस्तावेज छ, यसको बारेमा छलफल गर्न लागिरहेका छौं । र मलाई लाग्छ यो सामान्य

संवैधानिक प्रक्रिया हो । यो प्रक्रियाको बारेमा मेरो भन्नु केही पनि छैन । र यो सामान्य प्रक्रिया वर्षेनी हुने गर्छ । र यहाँ नीति तथा कार्यक्रम, सिद्धान्त, बजेट सबै प्रस्तुत हुन्छ तर उही कुरा दोहोरिएर आउँछ । र एक खालको कमिटमेन्ट, राष्ट्रिय कमिटमेन्ट हुँदैन । एउटा सरकार बन्छ, त्यसले आफ्नो डियुटी पूरा गर्छ । जनताको जीवनस्तर खस्किँदो छ । त्यस्तो स्थिति भइरहेको छ ।

म यसमा यसका सिद्धान्त र प्राथमिकताको बारेमा छलफल अगाडि बढाउनुभन्दा अगाडि म अगिल्लो बजेटको सन्दर्भमा दुइटा कुराहरूलाई चैं ध्यान आकर्षण गराउन चाहन्छु, सम्माननीय अध्यक्षज्यूमार्फत अर्थमन्त्रीज्यूको । यो चालु वर्षमा राजस्व उठ्ने, ३ खर्ब राजस्व नउठ्ने सम्भावना भएको छ । र त्यो नउठेको राजस्वबाट कुन कुन योजनाहरू कटौती हुँदै छन्? र कुन सिद्धान्तबाट तिनीहरू कटौती हुँदै छन्? त्यसको बारेमा यो सदनलाई जानकारी दिनुपर्यो । एउटा कुरा ।

अर्को कुरोः सदनको अन्त्य यो वर्षको अन्त्यमा ५० प्रतिशतभन्दा बढी पुँजीगत खर्च हुँदैन भन्ने देखिएको छ । यतिबेला ३० प्रतिशत मात्रै भर्खर कटेको छ भन्ने कुराहरू आएको छ र यो दुई, अढाइ महिनाभित्र ५० प्रतिशत, किनभने वर्षको अन्तिममा खर्च हुने एउटा प्रवृत्ति, ट्रेन्ड त छँदै छ । त्यसले गर्दा ५० प्रतिशतको अनुमान गर्यो भने पनि र यो ५० प्रतिशत खर्च नहुने कुरामा कुन कुन आयोजनाहरूमा खर्च हुँदै छैन? र के के कारणले, कसको कारणले त्यस्तो खर्च हुँदै छैन? भन्ने बारेमा यो सदनलाई जानकारी गराउनुपर्छ । यी दुइटा सवालहरू म सम्माननीय अध्यक्षज्यूमार्फत माननीय अर्थमन्त्रीज्यूको ध्यान आकर्षण गराउन चाहन्छु ।

अब यो पेजमा हेर्दाखेरि १४ पेजको छ । १४ पेजको एउटा सिद्धान्त र प्राथमिकता भनेर यहाँ प्रस्तुत गरिएको छ । र मलाई के लाग्छ भने यसमा त पहिलो बुँदामा नै यहाँ उठिरहेको कुरा, सबैले उठाउने कुरा हो, सबैले उठाउने तर व्यवहारमा कसले गर्छ भन्ने कुरा छ । व्यवहारमा गर्नेले चैं गर्नुपर्यो नि । उठाउनेले त उठाउने जस्तो सत्तापक्षकाले नि उठाउनुहुन्छ, प्रतिपक्षकाले नि उठाउनुहुन्छ । जो सत्तापक्षमा रहेको छ, उसले त्यो व्यवहारमा त्यसलाई कार्यान्वयन गर्नुपर्यो । भ्रष्टाचारमा शून्य सहनशीलता अपनाउने भनेर पहिलो वाक्यांशमै उल्लेख गर्नुपर्छ । ठिकै छ यहाँ पहिलो बुँदामा उल्लेख गरेका कुराहरू । आर्थिक वर्षको बजेट दिगो, फराकिलो एवम् समावेशी आर्थिक वृद्धि हासिल गर्ने, रोजगारीका अवसर बढाउने, सुशासन प्रवर्द्धन गर्ने, सेवा प्रवाहमा सुधार, स्रोत साधनको परिचालनमा प्रभावकारिता भन्नेजस्ता विषयहरू छन् । तर यो भ्रष्टाचारमा शून्य सहनशीलता अपनाउने बारेमा, यसमा कमिटमेन्ट आउनुपर्यो । पहिलो बुँदामा यो कमिटमेन्ट आउनुपर्यो ।

र यो के रहेछ भन्ने मन्त्रीज्यूलाई पनि था' भएको हुनुपर्ने, यो कर्मचारी र ठेकेदारहरू दुइटा मिलोमत्तोमा चैं यो भ्रष्टाचार हुँदो रहेछ । त्यसमा नेता पनि मिसिएका हुन्छन्, सबै भन्ने कुरा आको छ । कति नेताहरू त्यसमा मुछिएका होलान्, मुछिने पनि छन् । तर आम रूपमा हेर्ने हो भने ठाडै ढङ्गले सचिवबाट हामीले सुन्यौं रिपोर्टिङको क्रममा कि कर्मचारीले signing money लिने, सुरुमा sign गर्दाखेरि यहीँ सदनमा मैले उठाको थिएँ । Signing money लिने, २ पर्सेन्ट, ३ पर्सेन्ट कति हुन्छ, त्यो गोजीमा हालिहाल्ने अनि ठेकेदारले के गर्ने mobilisation को रकम लिने र त्यो mobilisation को रकम चैं vita planning मा लगाउने अथवा अरू नै काममा लगाउने । यो भइसकेपछि अब ३० प्रतिशत, अब त्यसपछाडि के हुन्छ त भन्दाखेरि आयोजना त लथालिङ्ग हुन्छ । त्यो आयोजना त अगाडि बढ्दैन । यस्तै क्रमले वर्षौंदेखि, वर्षौंदेखि, वर्षौंदेखि यो क्रम अगाडि बढिरहेको छ । र हामी यहाँ सिद्धान्तका कुराहरू गर्छौं, सदनमा उठाउँछौं, कराउँछौं । यो के भइरा' छ त भन्दा तल त्यस्तो ढङ्गबाट चैं विभिन्न माध्यमबाट भ्रष्टाचारका पुलिन्दाहरू थपिँदै, थपिँदै, थपिँदै गइरहेको अवस्था छ । त्यसकारणले गर्दाखेरि यो विषयमा यो सिद्धान्त र प्राथमिकताका कुराहरू गर्दाखेरि सैद्धान्तिक रूपले यस बारेमा प्रष्ट हुनुपर्यो ।

अर्को कुरोः यसमा हामीले हेर्न खोजेको विषय के हो भने, यसले दलाल पुँजीपतिको पृष्ठपोषण गर्छ कि वास्तविक मजदुर, किसान, सुकुम्बासी, बेरोजगारी युवाहरूलाई हेर्छ? गरिब निमुखादेखि मध्यम वर्ग र राष्ट्रिय पुँजीपति वर्गसम्मलाई हेर्छ कि दलाल धनाढ्यहरूलाई राखेर करका दरहरू निर्धारण गरिएको जस्तो गर्छ? हेर्ने हामीले यो कोणबाट, यो दृष्टिकोणबाट हो ।

र हामीलाई एउटा पुस्तिका प्राप्त भएको छ । र यसको यसमा २ नम्बर र ३ नम्बर बुँदामा देशको स्थिति, वास्तविक स्थिति त उल्लेख भ'को छ । ठिकै छ यो । किनेभने यहाँ लक्ष्यअनुरूप राजस्व परिचालन हुन सकेको छैन, सार्वजनिक ऋणको दायित्व बढ्दै गएको छ, सरकारी खर्चको प्राथमिकीकरण हुन नसक्दा साधन, स्रोत छरिने गरी विनियोजन गर्ने र आर्थिक वर्षको अन्त्यतिर खर्च गर्ने प्रवत्ति कायमै छ, साधारण खर्चमा वृद्धि हुँदै गएको छ, आदि । यो कुरा उल्लेख गर्या छ भने स्थिति त देशको स्थिति यसले भनेको छ । तर त्यसअनुसार चैं अब हामीलाई चाहिएको कुरा के छ भने एक, दुई, तिन गरेर हामीलाई चैं चेक लिस्ट नै चाहियो । अर्थमन्त्रीज्यूले चेक लिस्ट प्रस्तुत गर्नुपर्यो । जस्तो उहाँले यहाँ उल्लेख सुधार भएका सूचकहरू भनेर, चारवटा सूचकहरू भन्नुभएको रहेछ । विदेशी विनिमयको सञ्चितिको कुरा गर्नुभएको रहेछ । यो मैले हेर्दा सञ्चितिको मुख्य आधार चैं विप्रेषण रहेको छ । विदेशबाट आएको

रेमिट्यान्सको रकम रहेछ । त्यसलाई त्यसमा विश्वास, त्यसमा भर पर्ने? त्यसलाई ठुलो उपलब्धि मान्ने?

अब विप्रेषण आप्रवाह, यो चैं कसरी अलिकति बढेको रहेछ भने यो अहिले हुन्डीको कारोबार अलि रोकिएको रहेछ । त्यसले गर्दाखेरि यो बढेको रहेछ । त्यसैमा भर पर्ने, कहिलेसम्म भर पर्ने? पर्यटन आगमनको कुरा के रहेछ भने अर्को सूचक सकारात्मक भ'को मा त्यो पर्यटन आगमनको कुरा रहेछ । त्यसलाई हेर्दाखेरि चैं के देखियो भने यो वर्ष ६ लाख पर्यटकहरूको आगमन भनेको रहेछ र ३७ अर्ब त्यसबाट आएको भनिएको रहेछ । र विद्यार्थीलगायत बाहिरिने रकम चैं ७६ अर्ब रहेछ । यसलाई अर्थमन्त्रीज्यूले हेर्नुभा'को छ कि छैन होला? मैले थोरै ध्यान आकर्षण मात्र गराउन चाहन्छु । र वास्तविक तथ्याङ्क ल्याउनका लागि सम्माननीय अध्यक्षज्यूमार्फत म अर्थमन्त्रीज्यूलाई अनुरोध गर्न चाहन्छु ।

बैङ्किङ क्षेत्रको तरलता अहिले केही सुधार आएको छ भनिएको छ । अब त्यो सुधार आएको चैं के रहेछ भने केही समयअगि बैङ्कहरूले व्यापारी, व्यवसायी, ऋणहरूबाट निरन्तर दबाब दिएर ऋण असुल गरेको, यसकारण अहिले बैङ्कमा पैसा छ तर उच्च ब्याजदरको कारण लगानीको वातावरण छैन भन्ने कुरा अर्थविद्हरूले भनिरहेका छन् । अर्थात् पैसा बाध्यात्मक अवस्थाबाहेक पैसा चलाउन सक्ने अवस्था पनि छैन, उद्यमीहरूको । त्यसकारणले गर्दा उद्यमीहरूलाई प्राथमिकता दिने अथवा उद्यमीहरूलाई चैं उत्साहित बनाउने भनेर यसमा भनिएको छ । धेरै म सिद्धान्तका कुरा त गर्दिन ।

प्राथमिकताका सवालमा भन्ने हो भने कृषिलाई प्राथमिकता दिने भनेको रहेछ । कृषिलाई प्राथमिकता दिँदाखेरि उत्पादन बढाउनका लागि पुराना विकृतिलाई रोक्न तपाईंसँग के योजना छ? वास्तविक किसानले सहुलियत पाओस् र त्यसबाट उत्पादनमा वृद्धि होस् । तपाईसँग चेक लिस्ट के छ? कति किसानलाई अनुदानमा सहुलियत दिनुहुन्छ? कृषिबाट कतिलाई स्वरोजगार बनाउनुहुन्छ? अनुदानमा सहुलियत पूर्ण रूपले उत्पादनमा कति वृद्धि हुन्छ? कुन कुन उत्पादन निर्यातयोग्य बनाउनुहुन्छ? कृषि क्षेत्रको तपाईंको प्राथमिकता के हो? त्यसको बारेमा चेक लिस्ट चाहियो ।

दोस्रो प्राथमिकता उद्योग भन्नुभा'को रहेछ । उद्योग उद्यमीलाई प्रोत्साहन गर्ने भन्नुभएको रहेछ । त्यसो भए उद्योग स्थापनाको लागि हुने झन्झटबाट मुक्त गर्न एउटै टेबलबाट काम हुने व्यवस्था तपाईंसँग छ कि छैन? किनभने दशवटा मन्त्रालय धाउँदा धाउँदा उद्योग खोल्नका लागि थाकिसकेको हुन्छ । लगानीको निश्चित प्रतिशत सहुलियतमा ऋणको प्रबन्ध छ कि छैन? उद्यमीलाई तनावमुक्त वातावरण बनाउनमा ढुक्कसँग व्यवसाय गर्न सक्ने गरी सुरक्षाको प्रत्याभूति

दिने तपाईंसँग योजना छ कि छैन? कच्चा पदार्थ आयातमा अनावश्यक झन्झट, दुःख दिने कुराको बारेमा तपाईंसँग के योजना छ? जस्तो त्यो चैं कहाँबाट सुरु हुन्छ भने भन्सारदेखि नै सुरु हुन्छ र बाटामा के रहेछ भने कच्चा पदार्थ होस् वा कुनै पनि सामान भारतबाट वा अन्य देशबाट आउँदाखेरि, खास गरी भारतबाट आउँदाखेरि भारतमा ४२ टन भार, त्यो क्षमता रहेछ बाटोको । नेपालको ३५ टन मात्रै रहेछ । त नेपाल प्रवेश गर्दा भारतबाट आउने चिज ४२ टन आउने भो । ४२ टन आउँदाखेरि, ४२ टन र ३५ टनबिचको जुन दूरी, त्यो फासला छ त्यसको चैं के हुँदो रहेछ भने यहाँको बाटो बिग्रिन्छ, यहाँको बाटो भत्किन्छ भन्ने खालको सवाल छैन । हरेक पुलिस चेक पोष्टमा पाँच हजारदेखि सात हजार पैसा बुझाउनुपर्दो रहेछ । नत्र भनेदखि जोख भन्न थालिहाल्दो रहेछ । जोख्नुपर्यो भनेर जोख्ने ठाउँमा लगिहाल्ने रहेछ । कता जोख्ने अब त्यो ४२ टन? यसले गर्दाखेरि यसमा यो झन्झट जुन छ, दिने गरिन्छ, यो झन्झटबाट मुक्त गर्नका लागि तपाईंसँग के योजना छ त? अथवा यसको लागि, अर्थमन्त्रीज्यूसँग सम्माननीय अध्यक्षज्यूमार्फत म भन्न चाहन्छु यसको बारेमा हामीलाई एक, दुई, तीन, चार गरेर भन्नुपर्यो र जनतालाई पनि भन्नुपर्यो । हामी यसरी उद्यमीहरूलाई, उद्योगधन्दालाई प्रोत्साहन गर्नका लागि हाम्रा यी यी योजनाहरू छन् भनेर भन्न सक्नुपर्यो, ल्याउनुर्यो । त्यो चेक लिस्ट चाहियो । त्यो बुँदाहरू चाहियो । यसरी चैं रैछ यो सरकारको यो रछ योजना भन्ने कुरा हामीले बुझ्न पाउनुपर्यो । त्यसकारण दोस्रो प्राथमिकता उद्योग भने पनि यो सिद्धान्तमै सिमित नहोस् । म यो सरकारलाई सुझाव दिन चाहन्छु ।

अर्को कुराः तेस्रोमा यहाँले शिक्षा भन्नुभ'को रहेछ तर मलाई लाग्छ यो स्वास्थ्यलाई प्राथमिकता दिनुपर्ने । जनस्वास्थ्यलाई ख्याल गर्नुपर्ने । शिक्षा पनि त्यतिकै महत्त्वपूर्ण छ । लगायतका प्राथमिकता निर्धारण यहाँले गर्नुभएको छ । यसमा म सफल हुनुहोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु । तर यी कुराहरू, जुन कुराहरू मैले यहाँ उठाएँ यी कुराहरूमा ध्यान गएन भने यो सिद्धान्त सिद्धान्तमै सीमित रहने छ ।

अब यो सरकारलाई सम्माननीय अध्यक्षज्यूमार्फत केही सुझाव पनि छन् । यदि त्यसरी गयो भने सायद मलाई लाग्छ यहाँले ल्याउनुभएको सिद्धान्त र प्राथमिकताले साकार रूप लिने छ । फजुल खर्च कटौतीको लागि के के हो उपाय अपनाउने हो? विशेष कूटनीतिक भ्रमणबाहेक विदेश भ्रमणलाई रोक्ने हो कि होइन? जलवायु परिवर्तनको सवाल, Climate change को सवाललाई महत्त्वको साथ उठाउने हो कि होइन? नयाँ सवारी साधन खरिद नगर्ने, अतिआवश्यक भयो भनेदेखि विद्युतीय सवारी साधन खरिद गर्नेलगायतका सवालहरूमा ध्यान दिनुपर्छ । समग्रमा भन्दा धरासायी हुन लागेको सङ्कट उन्मुख अर्थतन्त्रलाई लयमा ल्याउनको

लागि तपाईंको योजनाहरू बुँदागत रूपमा बनाउनुभयो भने, हामीलाई भन्नुभयो भने हामी आभारी हुने थियौं । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय अनिता देवकोटा । समय १५ मिनेट । त्यसपछि माननीय जयन्ती देवी राई ।

**(११:०७ बजे) <u>माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)</u>**:- किसानको तस्बिरलाई योजनामा राखि सुरु गरौं नयाँ काम भन्ने गर्थे विपि । यही उद्घोषका साथ सम्माननीय अध्यक्षज्यू, विनियोजना विधेयक, २०८० को सिद्धान्त र प्राथमिकताका विषयमा केही कुरा राख्न चाहन्छु ।

विषम परिस्थिति छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा आर्थिक मन्दी भइरहेको बेला यो बजेटका प्राथमिकता र सिद्धान्तहरूका विषयमा हामी संसदमा छलफल गर्दैछौं । नागरिकका अपेक्षाहरू अत्यन्त चुलिएका छन् । साधारण जीवनयापन गर्न पनि अत्यन्त समस्याको रूपमा समस्याहरू खेपिरहेको अवस्था छ । त्यसैले हामीले सिद्धान्त र प्राथमिकतालाई ध्यान दिने बेला, हाम्रा योजनाहरू, हाम्रा बजेटहरू नागरिक केन्द्रीत हुन् । यो बजेट हाम्रा लागि हो । यो योजना हाम्रा लागि हो । यो नीति हाम्रा लागि निर्माण हुँदैछ भनेर नागरिकले यो मेरो लागि हो भनेर अपनत्व महसुस गर्न सकुन । त्यो हिसाबले हाम्रा बजेटहरूले प्राथमिकता र सिद्धान्तहरूले प्राथमिकता पाउनुपर्छ भन्ने मलाई लागेको छ ।

आर्थिक रूपले अहिले मुलुक अत्यन्त जरजर अवस्थामा छ । एकतिर कोभोडबाट मुलुक आक्रान्त बन्यो । भूकम्पबाट प्रभावित हुँदै गर्दा कोभिडको आक्रान्त यो मुलुकले सहन पर्‍यो । त्यसै गरी अन्तर्राष्ट्रिय रूपमा रुस र युक्रेनको युद्धले पनि त्यसको प्रभाव विश्वमै परिरहेको बेला त्यसबाट नेपाल पनि अछुतो छैन । अहिले त्यसको प्रभाव पनि नेपालमा देखिरहेको छ । त्यसैले अर्थमन्त्रीज्यूलाई यो प्राथमिकता र सिद्धान्तका आधारमा धेरै प्राथमिकताहरू तय गर्नुभएको छ । यी कुराहरूलाई म गर्छु भनेर प्राथमिकता तय गर्नुभएको छ । त्यसको आधारमा बजेट विनियोजन होस् भन्ने मलाई लाग्छ । हिजोको सरकारले आर्थिक अनुशासन हिनताका आधारबाट भर्चुवलमाध्यमबाट सडकहरूको उद्घाटन गर्ने, स्वास्थ्य सेवा, स्वास्थ्य चौकीहरूको उद्घाटन गर्ने तर बजेट विनियोजन नगर्ने । जुन थालनी भयो त्यसले हामीलाई के लाग्छ भने यो भर्चुवल माध्येमबाट सस्तो लोकप्रियतामा सरकार नजाओस् । प्राथमिकिकरण गरोस् । र यो के के कुराहरू गर्न सकिन्छ र के के कुराहरू गर्न सकिँदैन । त्यो कुरामा

सकारको ध्यान जानसकोस् । भनेर सरकारलाई आर्थिक अनुशासनभित्र रहन म हार्दिक अनुरोध गर्न चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, विगतदेखि सञ्चालन हुँदै आएका अनावश्यक योजनाहरू, खर्चहरू अब कटौती हुनुपर्छ भन्ने मलाई लाग्छ । चालु खर्चलाई सकेसम्म हामी घटाउनुपर्छ । पूँजीगत र पूर्वाधारहरू खर्चमा परिणाममुखी हुने खर्चहरूमा हाम्रो ध्यान जान जरुरी छ भन्ने मलाई लाग्छ । अहिले हाम्रो जीडीपीको झन्डै ४ प्रतिशत वितरणमुखीमा छ । यतातर्फ पनि हाम्रो ध्यान जाने हो कि भनेर म अनुरोध गर्न चाहन्छु ।

त्यसैले राज्यका अनावश्यक संरचनाहरू निर्माण भएका छन् । ती अनावश्यक संरचनाहरू यदि राज्यले थेग्न सक्दैन भने त्यो संरचनाहरूलाई पनि समयमै पूनरावलोकन गर्नुपर्छ भन्ने मलाई लाग्छ । अर्थमन्त्रीज्यूले यहाँ बारम्बार प्राथमिकता र सिद्धान्तको बारेमा भन्ने बेला भन्नुभयो । जस्तै डाक्टरले विरामी गयो भने विरामीलाई म बचाउन सक्छु । अप्रेसनका माध्यमबाट सर्जीरिका माध्यमबाट म बचाउन सक्छु । भनेर ढाँडस दिन्छन् । त्यसैरी यो आर्थिक मन्दीलाई लयमा फर्काउँछु भनेर उहाँले ढाँडस दिनुभएको छ । तथापि पनि फेरि कुनै कारणले विरामी बचाउन सक्दैन कि भन्नेभित्र मनमा जसरी डाक्टरको भय हुन्छ । त्यो भए अर्थमन्त्रीको मनमा पनि भएको मैले महसुस गरेकि छु । त्यसैले बजेट बिनियोजन गर्ने बेला हाम्रा पूर्वाधारहरू निर्माणका कुराहरूमा विशेष ध्यान दिन जरुरी छ ।

हामीले सधैं भन्ने गऱ्यौं । कृषि, पर्यटन र ऊर्जालाई हाम्रा यी समृद्धिका आधारहरू हुन । यसलाई प्राथमिकीकरण गरेर जानुपर्छ भनेर सधैं हामीले भन्ने गऱ्यौं । तर बजेट विनियोजन हुने बेला ती क्षेत्रहरू जति आवश्यक हो त्यो आवश्यक रूपमा बजेट विनियोजन हुन सकेन । त्यो रूपमा परिणाममुखी काम गर्न सकेन । र मुलुक अहिले पनि समृद्धिको नारा एकादेशको कथा बन्न पुगेको छ । त्यसैले म सरकारलाई आग्रह गर्न चाहन्छु । अर्थमन्त्रीज्यूलाई आग्रह गर्न चाहन्छु । अब हामीले साँच्चै प्राथमिकता यदि कृषि, ऊर्जा र पर्यटन होइन भने अब हामीले औद्योगीकरणका कुरा गर्ने हो कि? अथवा हाम्रा जनशक्तिहरू, सक्षम जनशक्ति निर्माण गरेर अहिले हजारौं हजार युवाहरू विदेश गइरहेको अवस्था छ । ती युवाहरूलाई हामीले त्यहाँ उद्योगधन्दाहरू, कलकारखानाहरू खोलेर ओद्योगीकरण गरेर रोजगारीको अवस्था सृजना गर्ने । श्रमलाई आफ्नै मुलुकमा लगाउने । यदि विदेशमा श्रमहरू पठाउन लाग्यौं भने पनि त्यो दक्ष श्रम सीपयुक्त श्रम, ज्ञानयुक्त श्रम जसले जाने बित्तिकै विदेशमा पनि काम पाओस् । भने जस्तो काम पाओस् । रोजगारी पाउन सकोस् । यहाँबाट गएका धेरै युवाहरू विदेश खाडी मुलुकहरूमा पनि यो मेन पावरहरूको ठगि आदिबाट प्रतान्डित भएर आफ्नो

श्रमको सहि, सहि रूपमा उपभोग गर्न नपाइरहेको अवस्था पनि छ । त्यसैले त्यतातर्फ पनि सरकारको ध्यान जान पर्छ ।

त्यसैले अब बहसको विषय बनाऊँ । साँच्चै हाम्ले कृषिलाई कृषिबाट हाम्रो मुलुकलाई समृद्धि बनाउन सकिन्छ कि अथवा उद्योगधन्दा, कलकारखानाबाट सकिन्छ कि? अथवा पर्यटन क्षेत्रलाई अथवा ऊर्जा क्षेत्रलाई अथवा श्रम हाम्रो जुन विदेश जाने शक्ति छ । जनशक्ति छ । त्यो श्रम शक्तिलाई बढिभन्दा बढि प्रयोग गरेर दक्ष बनाएर हुन्छ । यो विषयमा विशेष रूपमा ध्यान जान जरुरी छ भन्ने मलाई लाग्छ ।

हामी कृषिलाई प्राथमिकता भन्छौं । खेतीको बेला मलको अभाव हुन्छ । सिँचाइको अभाव हुन्छ । उन्नत जातका विउ विजनको अभाव हुन्छ । हाम्रा यान्त्रिकीकरणका कुराहरू जुन अहिलेको युगमा गोरूले जोतेर मात्रै खेती गर्न नसक्ने अवस्थाको युगमा । हामीले यान्त्रिकीकरण गर्न नसकिरहेको नयाँ नयाँ प्रविधिहरूको हामीले यहाँ भित्र्याउन नसकिरहेकोमा । अब त्यतातिर हामीले ध्यान दिएर यो यान्त्रिकीकरण गर्ने कृषिलाई उत्पादन, जबसम्म हामी उत्पादनलाई जोड दिन सक्दैनौं । निर्यात हाम्रो हुनसक्दैन । आयातलाई प्रतिस्थापन गर्न सक्दैनौं । आयातलाई प्रतिस्थापन गर्नको लागि उत्पादकत्व बृद्धिमा हाम्रो ध्यान जान जरुरी छ । उत्पादकत्व बृद्धि गर्न सक्यौं भने विपि कोइरालाले भने झैं । हामी सबैलाई समाजवादका कुरा भन्छौं । सबैलाई वितरण गर्नुपर्छ भन्छौं । जब हामीसँग एक लिटर मात्रै दुध छ भने सय जनालाई हामीले कसरी पुऱ्याउन सक्छौं? थोपा थोपा पुगेर उसको भोग मेटिदैन । त्यसैले सय जनालाई दुध खान सक्ने बनाउनको लागि हाम्रो उत्पादकत्व बृद्धि गर्नुपर्छ भनेर विपि कोइरालाले भन्नु भएको थियो । त्यसैले भन्नुभएको छ । उहाँको समाजवादमा । त्यसैले हाम्रोले त्यतातर्फ उत्पादकत्वलाई बृद्धि गर्ने कुराहरूलाई हाम्रो ध्यान जान जरुरी छ ।

त्यसै गरेर पर्यटक क्षेत्रहरूलाई पनि हामी सुन्दर नेपाल, सुन्दर देश छ ।हाम्रा हरेक कुराहरू पर्यटकीय रूपमा हामीले यसलाई संरक्षण र सवर्द्धन गर्न सक्ने हो भने यो एउटा आर्थिक, आर्थिक रूपले सक्षम बनाउने एउटा इन्डिकेटर सूचकको रूपमा यो रहेको छ । त्यतातर्फ हाम्रा ध्यान जान पर्छ भन्ने मलाई लागेको छ । हाम्रो त्यतातर्फ पनि ध्यान गइरहेको छैन । जिर्ण उद्योगहरू छन् । ती उद्योगहरूलाई निर्माण गर्ने, ती आवश्यक उद्योगहरूलाई निर्माण गर्न सकिन्छ । ती रूग्ण उद्योगहरूलाई निर्माण गरेर रोजगारीका अवसरहरू सृजना गर्नुपर्ने हुन्छ । तथापि पनि हामी त्यो गर्न नसकिरा'को अवस्था छ । त्यसैले त्यतातर्फ पनि सरकारको ध्यान जानुपर्छ भन्ने मलाई लाग्दछ ।

अर्कोतर्फ हामी यातायात क्षेत्रलाई हेर्‍यौं । हामी आउने बेला काठमाडौं कै सहरका कुरा गरौं । राजधानी सरकारले सधैंभरि देखिरहने राजधानी सधैंभरि जाम छ । सधैंभरि अस्तव्यस्त छ । भनेको टायम मान्छे पुग्न सक्दैन । जबसम्म हामी सुरक्षित यातायातका प्रबन्धहरू गर्न सक्यौं भने यो गाडी घोडाहरू भिड लाग्ने कुराहरू कम हुन्छ । र पर्यावरण दृष्टिकोणले पनि राम्रो हुन्छ । त्यसैले त्यतातर्फ यातायातलाई पनि हाम्रा पब्लिक यातायात सार्वजनिक यातायातहरू सुरक्षित र भरपर्दो गराउन सक्नुपर्छ । त्यसले यो यातायातबाट गयो भने छिटो पुग्न सकिन्छ । र भरपर्दो छ भन्नेपनि महसुस गराउन सक्नुपर्छ । मैले कतिपय अरु अन्य मुलुकहरूमा पनि अन्तर्राष्ट्रिय अन्य मुलुकहरूमा पनि सांसदहरू पब्लिक गाडीमा चढेर सजिलै समयमा जान सक्ने अवस्थाको सृजना भा'को बेलायतमा मैले देखेकी थिएँ ।

त्यसैले ती हिसाबले हामीले यातायातलाई पनि सुधार गर्नुपर्ने हुन्छ । र इन्धन अहिले इन्धनको जुन हामी इन्धन आपूर्ति अत्यन्त भयावह स्थिति छ । जबसम्म यो पेट्रोलियम पदार्थलाई हामीले कम गर्न सक्यौं भने पेट्रोलियम पदार्थबाट चल्ने यातायातलाई कम गर्न सकेर विद्युतीय गाडीलाई प्रोत्साहित गर्‍यौं भने । हाम्रो चुलोचौकालोमा विद्युतीय चुलाहरू, हाम्रा यातायातहरू विद्युतीय हुन सके भने यतातिर इन्धन पनि हाम्रो आपूर्तिलाई सहजता हुने । अर्कोतर्फ ऊर्जा हाम्रो जलको धनी मुलुक हामीसँग ऊर्जा सम्पन्न छ । यसलाई भरपुर रूपमा आफूले उपयोग गर्‍यौं भने हामी समृद्धिका कुरा पनि हुने । र यातायातका यो विद्युतीय गाडी र चुलोहरूलाई हामीले या विद्युतीय बनाउन सक्यौं भने पनि यसमा हाम्रो धेरै कुराहरू आर्थिक व्यवभारका कम हुने कुराहरू आर्थिक लयलाई साँच्चै फर्काउने कुरामा हामी सक्षम रहन्छौं भने कुराहरू लाग्छ ।

अब विद्युतीय गाडीलाई विगतको सरकारले प्रोत्साहित गर्ने त भन्यो । विद्युतीय गाडी किन्दै जाँदा म काठमाडौंबाट दाङ जाने बेला मानौं एकछिन चार्ज गर्ने चार्जर सेन्टर सामान्य कुरा त्यो पनि छैन । त्यति सामान्य कुराहरू गाडी चार्ज गर्ने चार्जर सेन्टरहरू ठाउँ ठाउँमा राखिदिने र विद्युत् गाडीलाई प्रोसाहित गर्ने गर्‍यौं भने पनि हाम्रा धेरै कुराहरू हुन्छ भन्ने मलाई लाग्छ ।

अर्को कुरा सरकारले अहिले लगानी मैत्री वातावरण निर्माण गर्ने भनेर सरकारले भनेको छ । आफैले लगानी गरेको कुरामा यो मैले लगानी गरेको कुराहरू सुरक्षित हुन्छ? र यसबाट मैले फाइदा पाउँछु भनेर भन्यो भने मात्रै मान्छेले त्यहाँ लगानी गर्छ । र निजि क्षेत्रलाई पनि यो हाम्रो विनियोजन विधेयकमा निजि क्षेत्रलाई पनि प्रोत्साहित गर्ने कुराहरू आएका छन् । तर प्रोत्साहित गर्ने कुराहरू त आएका छन् । तर अझै पनि चार दर्जनभन्दा धेरै कानुनहरू संशोधन

गर्नुपर्ने छ । यसपटक यो बजेट अधिवेशन छ । हामी लगानी मैत्री वातावरण बनाउछौं त भनेका छौं । निजि क्षेत्रलाई प्रोत्साहित त गर्छौं भनेका छौं । तर चार दर्जनभन्दा बढि कानुनहरू संशोधन गर्नुपर्ने हुन्छ । त्यो कानुनहरू संशोधन गर्न लाई सरकारको ध्यान जानुपर्छ । सरकारले समयमै ती कानुनहरूलाई संशोधन गर्ने वातावरण तयार गर्नुपर्छ भन्ने मलाई लाग्द छ ।

त्यसैले आर्थिक कुराहरूलाई जबसम्म हामी आफुले खर्च गर्ने कुराहरू व्यक्तिले र राज्यले फजुल खर्चहरूलाई कम गर्दैनौं । विलासिताका कुराहरूलाई कम गर्दैनौं । र जो कुराहरूलाई गरिनहुने कुराहरू प्राथमिकताका साथ गर्नुपर्छ भन्ने माध्यमका साथ अगाडि बढाउन सक्दैनौं तबसम्म राज्यमा यो मन्दी विगतमा पनि मन्दीका कुराहरू संयुक्त राष्ट्र सङ्घमा आएका थिए । त्यतिखेर पनि त्यो संयुक्त राष्ट्र सङ्घले के गऱ्यो भने फजुल खर्चहरूलाई कटौती गऱ्यो । के कुराहरू गर्न सकिन्छ । के कुराहरू गर्न सकिन्न । अनावश्यक खर्चहरूलाई कटौती गरेर राज्य स्वयम र व्यक्तिले ती कुराहरूलाई निरुत्साहित गरेर त्यस ठाउँबाट त्यो मध्यमबाट ऊ उम्केको उदाहरणहरू पनि छ । त्यसैले अहिले नेपालमा पनि अत्यन्त विशम परिस्थिति छ ।

भ्रष्टाचारहरू जेलिएर बसेका छन् । नागरिकहरू अत्यन्त निरास रूपमा छ । संघीय लोकतान्त्रिक गणतन्त्रको हामीले व्यवस्था त गऱ्यौं । तर त्यो जनताले मैले संघीय लोकतान्त्रिक गणतन्त्रको उपभोग गर्न पाए भन्ने अनुभूति हामीले दिन सकेका छैनौं । अहिले विभिन्न प्रकारका भ्रष्टाचारहरू चरम भ्रष्टाचारहरू आएका छन् । जुन वर्ग राज्यको स्रोत साधनबाट बाहिर छ । त्यो राज्यको स्रोत साधनमा त्यो वर्गलाई पहुँचमा पुऱ्याउने कुरा राज्यको मुल प्रवाहमा प्रवाहिकरण गर्ने कुराहरू अझ राज्यले त्यो गर्न सकेको छैन । संविधानकै मौलिक हकमा रहेको स्वास्थ्यसम्बन्धी हक, शिक्षासम्बन्धी हक, खानेपानीसम्बन्धी हक जस्ता आधारभूत आवश्यकताहरू पनि अझ परिपुर्ति गर्न सकेका छैन् ।

हुम्लामा बस्ने महिला सुत्केरी हुने अवस्था रह्यो भने म साँच्चै सजिलै म बच्चा जन्माउन सक्छु कि सक्दैन भनेर रातभरी सोँच्न पर्ने अवस्था छ । अझ पनि दक्ष जनशक्तिको त्यहाँ अभाव छ । उपकरणहरूको त्यहाँ अभाव छ । अस्ति मात्रै मैले सुने हुम्लामा एक जना महिला सुत्केरी हुने बेला बच्चा जन्माउने यौनाङ्ग च्यातेको ठाउँमा सिलाउने धागो नभएर सामान्य सियो धागोले सिचायो रे । त्यो अवस्था हुम्लामा छ । भने हामी कुन अवस्थामा छौं? त्यसैले हामीले यो सरकार हाम्रो छ र संघीय लोकतान्त्रिक गणतन्त्र हाम्रा एकल अधिकार, साझा अधिकारहरूलाई सङ्घ, प्रदेश र स्थानीय तहका अधिकारहरूलाई समयमै कानुनहरू निर्माण गराएर सबैका अधिकारहरूलाई सुसुचित गर्ने । र संघीय लोकतान्त्रिक गणतन्त्रमा हाम्रो अधिकार

सुरक्षित छ भन्ने अनुभूति हुने । बच्चा जन्माउँदै गरेकी बच्ची, विदेश जान लागेको युवा र बृद्ध बाआमाले पनि यो मुलुकमा मेरो राज्य छ भन्ने अनुभूति गराउन यो बजेटले प्राथमिकता र सिद्धात तय गर्न सकोस् । भन्ने सुवेक्षाका साथ बिदा हुन्छु । धन्यावाद । जय नेपाल ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय जयन्ती देवी राई । सयम ८ मिनेट । त्यसपछि माननीय तुलप्रसाद विश्वकर्मा ।

**(११:२३ बजे) <u>माननीय श्री जयन्ती देवी राई (नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्ष महोदय, जुन अर्थमन्त्रीज्यूले यो ०८० को यो विनियोजन विधेयकमा हामी छलफल गरिरहेका छौं र म सबभन्दा पहिला अर्थमन्त्रीज्यूलाई धन्यवाद दिन चाहन्छु र सैद्धान्तिक रूपमा यो बजेट एउटा जुन देखिएको छ । त्यो निकै राम्रो भएको छ र हरेक विषयवस्तुलाई समेटेर प्राथमिकताको आधारमा यो बजेट विनियोजन गरेको देखिन्छ । अघि माननीयज्यूहरूले भन्नुभए जस्तैः जुन एउटा दिगो विकास फराकिलो, समावेशी, आर्थिक दरलाई उत्साहित गर्ने त्यसपछि सुशासनलाई प्रवर्दन गर्ने सेवा प्रवाह गर्ने, सुधार गर्ने र स्रोत साधनको परिचालनलाई एकदम प्रभावकारी बनाउने र रोजगारीको अवसरहरू बढाउने र यो सङ्घीयताको सबलीकरण गर्ने र यो सामाजिक विकास र सामाजिक न्यायलाई उच्च प्राथमिकता दिने र कृषिलाई प्राथमिकता दिने जस्ता कुराहरू र यो निजी क्षेत्र जुन अहिले राम्रो ढङ्गले सञ्चालन नभैरहेको सहकारीहरूजस्तो निजी क्षेत्रहरूलाई एकदम प्रभावकारी ढङ्गले सञ्चालन गर्ने जुन एउटा सैद्धान्तिक रूपमा आ'को छ । यो निकै राम्रो छ । हुनत अब विगतको बजेटहरू पनि त्यस्तो नराम्रो त आएको थिएन । तर पनि म आज यही शुभकामना दिन चाहन्छु कि यो बजेट एक पूर्ण रूपमा कार्यान्वयन होस् र सफलताको शुभकामना दिन चाहन्छु र यो बजेटलाई चाहिँ एउटा सफल पार्ने किसिमको चाहिँ कार्यक्रमहरू ल्याउनुपर्यो हामीले । त्यो कुरा अझै बढी ध्यान जाओस् भनेर म सरकारलाई म आग्रह गर्न चाहन्छु ।

र यो हाम्रो हिजोदेखि एकदमै नराम्रो प्रवृत्ति, नराम्रो संस्कारगत र परम्परागत के छ भन्दाखेरि वर्षौंदेखि हामीले उठाउँदै आयौं । तर पनि अहिले पनि त्यही छ कि अहिले हरेक एउटा निर्धारित त्यसलाई चाहिँ एउटा योजनाहरू हामीले नगर्ने प्राथमिकताको आधारमा योजनाहरू आयोजनाहरू सञ्चालन नगर्ने । र हामीले जुन जुन आर्थिक वर्षको अन्तिममा चाहिँ बजेटहरू निकासा गर्ने कारणले हरेक आयोजनाहरू सफल नहुने र हामीले आन्तरिक पुँजीलाई एकदमै अब सङ्कलन गर्न नसकिने स्थिति भएको छ त्यसकारणले पनि आर्थिक रूपमा एउटा

सङ्कटको स्थिति त्यो पनि बनिरहेको छ । यसलाई हामीले एकदमै अन्त्य गर्न पर्छ र यसलाई यो कानुन बनाएर हुन्छ कि जे गरेर पनि हामी अलिकति व्यवहारमा फराकिलो बनाउनै पर्छ । फरक बनाउनै पर्यो र साँच्चै अब अलिकति परिवर्तन गर्छ है भन्ने खालको चाहिँ हामीले जनतालाई प्रत्याभूति दिनैपर्छ । अबको बजेटले चाहिँ । अब होइन भने सधैं जस्तै अब आउने राम्रो आउने अब कृषिमा प्राथमिकता सधैं भएर आउने त्यही कृषकहरू रातदिन आन्दोलन गर्नपर्ने स्थिति जुन देखिएको छ । यो हाम्रो देशको एकदमै यो दुखदायी अवस्था हो ।

र अर्को कुराः भनेको जस्तैः अघि माननीयज्यूले पनि उठाउनुभो' कि प्रायोरिटीका आधारमा आज सबैभन्दा यो आर्थिक सङ्कटलाई नै हामीले समाधान गर्ने पक्ष लाग्नुपर्छ र यो जुन भ्रष्टाचार बढिरहेको भ्रष्टाचारलाई अन्त्य गर्ने किसिमको र सुशासन दिने कुरामा हाम्रो पहिलो प्रायोरिटी बन्नै पर्छ । यो जबसम्म हामीले भ्रष्टाचारलाई न्यूनीकरण गर्न सकिँदैन भने जति ठुला अमाउन्टमा बजेट छुट्याए पनि अहिले पनि त्यसको प्रतिफल हामीले देख्न सक्दैनौं ।

अर्को यो बन्द भएको उद्योगहरू सर्सर्ती बुँदागत रूपमा भन्न चाहन्छु । बन्द भएको उद्योगहरू सम्भव भएसम्म सञ्चालन गर्ने र थप उद्योगहरूको चाहिँ सिर्जना गर्ने र रोजगारी सिर्जना गर्ने र व्यापक रूपमा जुन विदेश पलायन भ'को युवाहरूलाई रोजगारीको व्यवस्था सिर्जना गर्नुपर्दछ । कृषिलाई आधुनीकरण गर्ने र उद्योगसँग जोड्ने र उत्पादनलाई एकदमै यसलाई निर्माण गर्ने यसलाई बढाउने र यो चाहिँ अन्तर्राष्ट्रिय क्षेत्रसँग पनि यसको निर्यात गर्ने किसिमले व्यवस्था गर्नुपर्दछ हाम्रो उत्पादनहरूलाई तहमा त्यो देशलाई पुऱ्याउनुपर्दछ ।

र यो कृषि भूमियोग्य जमिनहरूको सुरक्षा गर्ने अहिलेसम्म एकदमै यो प्लाटीङहरूलाई रोक्ने बिक्री गर्ने प्रचलनलाई रोक्नैपर्छ किनभने उत्पादन हुने ठाउँ जति सबै हामीले सकिसकेका छौं । अब डाँडा र पाखा मात्रै राखेर अब उत्पादन जसरी हाम्रो ध्येय छ । संविधानले जुन व्यवस्था गरेको छ । यो कुराले अब राम्रो गरेको छैन उत्पादन हुने क्षेत्र सबै सकिसकेका छौं । त्यसकारणले यो एकदमै रोक्नुपर्छ र यसलाई चाहिँ सबै देशको भूमिहरू एउटा केन्द्रीय भूसूचना प्रणालीमा आबद्ध गर्नु जरुरी छ । र हालको व्यापार व्यवसाय हामीलाई थाहा छ । ठप्प भएको स्थिति छ र यो मन्द यो आर्थिक मन्दी छ । यसलाई चाहिँ सन्तुलन कसरी गरेर यसलाई कसरी उठाउने भन्ने त्यो सन्दर्भमा पनि यो बजेटले एकदम त्यसमा ध्यान दिन जान जरुरी छ ।

र अब मौलिक हाम्रो जुन परम्परागत मौलिक यो उत्पादनहरू छ प्रविधि छ । त्यसलाई संरक्षण गर्ने र ब्रान्डिङ गर्ने र बजारीकरण गर्ने यो जुन दलाल पुँजीवादको प्रभावलाई न्यूनीकरण गर्नुपर्छ र हाम्रा त्यस्ता एकदमै महत्त्वपूर्ण उत्पादनहरू छ । त्यसलाई चाहिँ हाम्रो ध्यान

गैनरहेको स्थिति र हामी विदेशका महङ्गो महङ्गो रक्सीहरू खाने ब्रान्ड त्यसलाई मानेर खाने यहाँको कोदोको रक्सीहरू यति राम्रो हुन्छ । अब त्यस्तो अब अँलैचीजस्तो टिमुरजस्तो औषधि सारा हुने । अब त्यस्ता कुराहरूलाई चाहिँ हामीले अब त्यसलाई वास्ता गरिरहेका छैनौं र यसलाई ब्रान्डिङ गर्ने र ब्रान्डिङ पनि गर्ने ब्रान्डेड बनाएर बजारीकरण पनि गर्ने र अन्तर्राष्ट्रियस्तरमा हाम्रो व्यवसायलाई क्यारे निर्यात गर्ने खालको योजना ल्याउनुपर्दछ ।

यो वैदेशिक लगानी भित्र्याउने यसलाई सहजी गर्ने वातावरणको पनि सिर्जना गर्नुपर्दछ । र शिक्षा प्रणालीमा आमूल परिवर्तन गर्ने खालको आधारभूत शिक्षालाई रोजगारीसँग जोड्ने र रोजगारको बिस्तार गर्ने र यो युवा जनशक्तिलाई रोक्ने र विद्यार्थीहरू जुन पढ्नको लागि वैदेशिक एकदमै धेरै काम खोज्ने रोजगार खोज्न जान्छन् नै तर पढ्नको निम्ति पनि अत्याधिक युवाहरू गैरहेको यहाँको अर्थतन्त्रमा ठुलो घाटा बनाइरहेको त्यस्ता शक्तिलाई रोक्न पर्दछ भन्ने सुझाव दिन चाहन्छु ।

र उत्पादन प्रणालीमा लाग्ने बैङ्क ब्याज एकदमै कम गर्ने र विद्युत् उत्पादनमा लगानी गर्ने र आकर्षित, प्रोत्साहित गर्ने र इन्धनलाई चाहिँ क्यारे यो चाहिँ त्यसको लागतलाई चाहिँ कम घटौती गर्ने बजेट चाहिँ लैङ्गिक मैत्री पनि हुनुपर्दछ । बढ्दै गैरहेको महिलाहरूमाथि हिंसा, विभेद, दमन, बलात्कार हत्याजस्तोको अन्त्य गर्नको निम्ति एउटा अभियानको रूपमा एउटा जनचेतनाको निम्ति अभियानको रूपमा लैजानको निम्ति त्यो बजेटलाई हामीले विनियोजन गर्नुपर्दछ । यो सङ्घीयतालाई सबलीकरण गर्ने ठुलो एउटा अहिले यो समस्याको रूपमा आइरहेको छ । यसलाई सबलीकरण गर्न निम्ति पनि हामी सोचका साथ जानुपर्दछ र अर्थ व्यवस्थालाई मितव्ययी ल्याउनको निम्ति अब एकदमै खर्च कटौती गर्नुपर्यो । आवश्यकताका भन्दा हरेक कुरालाई खर्च कटौती गर्नुपर्यो । उत्पादनमा बाहेक खर्च छुट्याउन भएन जस्तैः त्यसलाई विभिन्न उच्चओहदामा रहेका व्यक्तिहरूले सञ्चालन गरिरहेको पनि होस् अथवा यी लग्जरी गाडी होस् यी सबै अनावश्यक कुरालाई हामीले यो घटाउनै पर्दछ । (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय तुल प्रसाद विश्वकर्मा । समय ५ मिनेट । त्यसपछि माननीय खिमलाल देवकोटा ।

**(११:३२ बजे) <u>माननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, हामी ०८०/०८१ को बजेटको, यो प्रि-बजेटको बारेमा छलफल गर्दै छौं । सरसरी

हेर्दाखेरि बजेटले जुन नीति र सिद्धान्त यहाँ प्रस्तुत गरेको छ, त्यसमा आलोचनै गर्ने खालको कुनै त्यस्तो चैं देखिँदैन । तर यसले जुन लक्ष्य लिएको छ, बजेटले अब राखेको लक्ष्यअनुसार हामीले यो देशको अर्थतन्त्रलाई अगाडि बढाउन सक्छौं कि सक्दनौं भन्ने थुप्रै प्रश्न चिह्नहरू खडा भएका छन् । त्यसैले यो बजेटले आगामी दिनमा अब देशको आवश्यकता धान्ने किसिमले यो अर्थतन्त्रलाई अगाडि डोहोर्याओस् भन्ने मैले शुभकामना दिन चाहन्छु ।

र विशेष गरेर हाम्रो प्राथमिकताको विषय कृषि नै हुन्छ । किनभने नेपाल कृषिप्रदान देश हो । र यो कृषिलाई आधुनिकीकरण नगरीकन यसलाई व्यवस्थित किसिमले अगाडि लैजाने योजना बजेटमा नबनाईकन हामीले यो देशलाई अगाडि बढाउन सक्दैनौं । कृषिको आधुनिकीकरण, वैज्ञानिकीकरण, यान्त्रिकीकरण, यो कृषिमार्फत नै हरेक चिज आकर्षित हुन्छ । कृषिमा आधारित उद्योगहरू आकर्षित हुन्छन् । कृषिसँग सम्बन्धित शिक्षाहरू आकर्षित हुन्छन् । कृषि औजारका निर्माण गर्ने सिप, कलासँग उद्योगहरू जोडिन्छन् । त्ससँग उर्जा जोडिन्छ, सिँचाइ जोडिन्छ । त्यसो गर्दा प्रमुख चिज चैं कृषिलाई आधार बनाएर नै हामीले अगाडि बढाउने किसिमले सोच्नुपर्छ भन्ने मैले यहाँ निवेदन गर्न चाहन्छु ।

र त्यस्तै शिक्षाको क्षेत्रमा ठुलो धनराशि चैं विदेशिएको छ । त्यो पूर्ववक्ता माननीयज्यूहरूले पनि उठाउनुभयो । स्वास्थ्यको अवस्था त्यही किसिमको छ । त्यसो गर्दा हामीले देशको आवश्यकताअनुसार लक्ष्य र उद्देश्य त राम्रो राख्छौं तर व्यवहारमा हामीले के गर्छौं, हामीले फर्केर पनि हेर्नुपर्छ हाम्रो इतिहासलाई । हामीले देशको समृद्धि चाहन्छौं । देशलाई चैं अगाडि लैजान चाहिरहेका छौं तर हिजो हामीले के गर्यौं? भइरहेका उद्योगहरू हामीले बिक्री गर्यौं । शिक्षा र स्वास्थ्य निजी क्षेत्रमा हामीले व्यापारीहरूको हातमा हालिदियौं । आज चैं देश जर्जर अवस्थामा छ । त यसलाई कसरी देशलाई माथि उठाउने? साँच्चै नै चुनौतीको विषय छ । म सम्माननीय सभापतिमार्फत अर्थमन्त्रीज्यूलाई म सुझाव दिन चाहन्छु कि यो अवस्थालाई चैं पार लाउन उहाँले कुन किसिमको बजेटलाई विनियोजन गर्नुहुन्छ?

थुप्रै जातजाति र वर्ग, समुदायहरूको यहाँ छुट्टै आफ्ना समस्याहरू छन् । दलित मैत्री बजेटहरू काटिएका छन् । पहिला चैं विनियोजन भएका बजेटहरू पनि पछि काटिएका कुराहरू छन् । महिलाका विषयमा त्यस्तै कुरा । अपाङ्गहरूको चैं ऊ छ । सिमान्तकृत वर्गहरूको त्यही किसिमको भएको छ । यो इतिहास नदोहोरियोस् । विशेष गरेर दलित समुदायको रोजगारी सिर्जनाका कुरा हामीले गरिरहेका छौं । दलित समुदायको विषयमा योजनाबद्ध रूपले एउटा वैज्ञानिक दृष्टिकोण राखेर त्यसलाई चैं हामीले अगि बढाउने कोसिस गर्यौं भने विदेशिने ठुलो श्रम शक्ति यहाँ खपत हुन सक्छ ।

आज एउटा सुन उद्योग, सुनारहरूको एउटा सामान्य सुन उद्योगमा बङ्गाली, इन्डियन, विदेशी र बङ्गालीहरू हजारौं कालिगडले काम गर्छन् । नेपालीहरूलाई त्यो हामीले ट्रेनिङ दिएर यहीं उद्योग खोलेपछि त्यो रकम, विदेश जाने रकम त रोकिन्छ नि । त्यस्तै अन्य फलामका (अध्यक्ष महोदयलाई म एक मिनेट चैं समय थपिदिन अनुरोध गर्छु । ) र त्यस्तै अन्य क्षेत्रहरू छन् । सिलाइका क्षेत्रहरू छ । छाला जुत्ताका चैं ऊहरू छ । सोच अनि यो दलित समुदायको जुन पेसागत उनीहरूको शिल्प हो, त्यसलाई आधुनिकीकरण गर्न पर्यो । सरकारले त्यसलाई चैं बजारीकरण गर्न पर्यो । त्यसबाट चैं ठुलो सङ्ख्यामा विदेशिएको श्रम शक्ति देशमा रहन सक्छ । त्यो श्रम शक्तिले यहाँ चैं हाम्रो अर्थतन्त्रलाई ठुलो टेवा दिन सक्छ । त्यसैले अब यो समयको अभाव छ । यो कुरामा ध्यान दिँदै विशेष म के जोड दिन्छु भने अहिलेको बजेटमा दलित समुदायको लागि चैं विशेष व्यवस्था गरियोस् र दलितहरूको सिप र उनीहरूको कलाको संरक्षणको लागि विशेष योजना चैं ल्याओस् सरकारले । म यही अनुरोध गर्दै मेरो आफ्नो भनाइ टुङ्ग्याउन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय खिमलाल देवकोटा । समय ५ मिनेट । त्यसपछि माननीय भुवन वहादुर सुनार ।

(११:३८ बजे) **माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)**:- सम्माननीय अध्यक्ष महोदय, अलि फरक प्रसङ्ग यो बजेट कार्यान्वयनसँग नै सम्बन्धित छ । प्रहरी समायोजनबाट सुरु गर्छु । यो देउवा सरकारको साझा न्यूनतम कार्यक्रममा प्रदेशमा प्रहरी समायोजन यथाशीघ्र गरिने छ भन्ने थियो । यस्तै व्यवस्था ओली सरकारको सङ्घीयता कार्यान्वयन कार्ययोजनालगायतमा पनि थियो । अहिलेको सरकारको साझा न्यूनतम कार्यक्रममा सरकारले पूर्णता पाएको ६ महिनाभित्र भन्ने छ । मेरो सम्माननीय अध्यक्ष महोयदमार्फत गृहमन्त्रीलाई विशेष अनुरोध छ । विलम्ब नगरी प्रदेशमा प्रहरी समायोजन यथाशीघ्र गरेर प्रदेशको एकल अधिकारमा रहेको प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षाको जिम्मवारी कार्यान्वयन गर्ने वातावरण निर्माण गर्दिनुस् । अहिले गृहमन्त्रीज्यू धेरै आशाको केन्द्र हुनुहुन्छ । प्रहरी समायोजनमा तत्पर्ता देखाउनुभयो भने निश्चित रूपमा मुलुकका सङ्घीयताका पक्षधरहरूले तपाईंलाई थप हाई हाई गर्ने छन् ।

मैले त्यस्तै हाई हाईको अपेक्षा माननीय अर्थमन्त्रीज्यूबाट पनि गरेको छु । केही अपवाद र अनिवार्य दायित्वको विषयबाहेक प्रदेश र स्थानीय तहमा जाने सर्शत अनुदानको रकम वित्तीय

समानीकरण अनुदानमा थप गरिदिनुस् । अनुदान वितरणका केही फन्डामेन्टल प्रिन्सिपलहरू छन् । सशर्त अनुदान कटौती गर्दै लग्ने र वित्तीय समानीकरण अनुदान चाहिँ बढाउँदै लग्ने सबैभन्दा पहिलो र महत्त्वपूर्ण सिद्धान्त हो तर हामीकहाँ यसको कार्यान्वयनको स्थिति ठिक उल्टो छ जस्तोः आर्थिक वर्ष २०७५/०७६ मा प्रदेश र स्थानीय तहले प्राप्त गरेको वित्तीय समानीकरण अनुदानको अनुपात प्रतिशत कुल बजेटसँग करिब साढे १० प्रतिशत थियो । त्यसपछिका प्रत्येक वर्षहरूमा थोरै थोरै घट्दै घट्दै आएर यो चालु आर्थिक वर्ष ०७९/०८० मा ९ प्रतिशतमा खुम्चेको छ । अनुदान वितरणमा प्रदेश र स्थानीय तहप्रति कतिको न्याय भएको छ भनेर दुनियाँले हेर्ने अध्ययन अनुसन्धान गर्ने सबनेसनल गभर्मेन्ट सब सेन्ट्रल गभर्मेन्टहरू त्यो देशको सरकारले कतिको हेरेको छ । अनुदान ट्रान्सभरमा कतिको पारदर्शी छ न्यायोचित छ भन्ने खालको हेर्ने अन्तर्राष्ट्रिय फन्डामेन्टल सिद्धान्त भनेको यही फिस्कल ट्रान्सभरको फिस्कल इक्वालाइजेसन ब्रान्ड हो । यो रेसिओ घटेको छ । यसमा माननीय अर्थमन्त्रीज्यूको विशेष ध्यान जाओस् यसमा मैले विशेष अनुरोध गरें ।

अर्को पाटो अध्यक्ष महोदय, बजेटका सिद्धान्त र प्राथमिकताहरू प्रायः सबै राम्रा छन् । फराकिलो र समावेशी आर्थिक वृद्धि दर हासिल गर्ने पनि भन्नुभएको छ अर्थमन्त्रीज्यूले यो पहिलो एउटा पहिलो अनुच्छेद मै यो छ । यसमा अब समर्थन नगर्ने भन्ने कुरै भएन तर बजेटमा प्रादेशिक सन्तुलन कायम गर्न चाहिँ नबिर्सिनुहोला विशेष गरी त्यहाँ प्रादेशिक सन्तुलन भन्ने कुराहरू राखेको भए धेरै राम्रो हुन्थ्यो । त्यो चाहिँ बिर्सिन भएन । नेपालको बजेट वितरणको सबभन्दा सबैभन्दा ठुलो समस्या नै यही हो । बजेटको ठुलो हिस्सा प्रधानमन्त्री, मन्त्री र केही ठुला नेताहरूको निर्वाचन क्षेत्रमा केन्द्रित गराउने परम्परा धेरै पहिलेदेखिको हो । सङ्घीयता, गणतन्त्र आएपछि पनि यो सुध्रिएको छैन । यसमा सुधार होस् । फेरि निर्वाचन क्षेत्रमा बढी बजेट गयो बजेट पारियो भनेर सधैँ चुनाव जितिएला जितिन्छ भनेर पनि कल्पना नगर्नुस् नसोच्नुस् । अहिले नागरिकहरू धेरै परिवर्तन भैसकेका छन् । त्यसकारण यो बजेटले मात्रै योजना पार्दैमा चुनाव जितिन्छ भन्ने कसैले नसोचे पनि हुन्छ । जनताहरू बढी जागरुक पनि भैसकेका छन् । तुरुन्तै कुरा गर्दाखेरि पनि प्रदेशले बजेट बाँडफाँट गर्दा जिल्लागत रूपमा सन्तुलन मिलाउने हो । पालिकागत रूपमा सन्तुलन मिलाउने हो । स्थानीय तहले बजेटको सन्तुलन मिलाउँदाखेरि चाहिँ वडागत रूपमा सन्तुलन मिलाउने हो । तर केन्द्रको जुन आज हामी बहस छलफल गर्दै छौं । केन्द्रले संघीय सरकारले बजेटको सन्तुलन मिलाउने भनेको प्रादेशिक सन्तुलनै हो । यो सबैभन्दा महत्त्वपूर्ण हो । यो सिद्धान्त तलको पालना गरियोस् भन्ने पनि अनुरोध गर्न चाहन्छु ।

अध्यक्ष महोदय, विनियोजन विधेयकको पहिलो अनुच्छेदकै कुरा गर्छु मैले । त्यहाँ सुशासन, प्रवर्दन र सेवा प्रवाहमा सुधार भन्ने विषयहरू पनि छन् । यो जरुरी पनि हो । तर मेरो प्रश्न छ । संविधान जारी गरेको ९ वर्ष भैसक्यो । २०७४ पछि हामीले तीन तहको चुनाव गर्यौं । त्यो चुनाव गरिसकेको पनि ६ वर्ष भैसक्यो तर अहिलेसम्म तपाईंहरूले निजामती सेवा ऐन ल्याउन सक्नुभएको छैन । अनि कसरी सुशासन प्रवर्दन हुन्छ? जनताले सेवा पाउँछन्? बरु ७ वर्षमा हामीले संविधान जारी गर्यौं । निजामती कानुन संविधान जतिकै गठिन र गाह्रो काम होर? (सम्माननीय अध्यक्ष महोदय, मैले १ मिनेट थप समय पनि माग गरें ।) मेरो यो सिङ्गो प्रश्न यो सरकारलाई छ । सम्माननीय प्रधानमन्त्रीज्यूलाई पनि हो । अघिल्लोपटक तेहौं अधिवेशनमा यही संसदको यही रोष्ट्रममा सम्माननीय प्रधानमन्त्रीज्यूले यही अधिवेशनबाट निजामती सेवा ऐन कानुन ल्याइने छ । पास गरिने छ भन्नुभा' छ अनि त्यो ल्याउने कुरो त छोड्दिनोस्, पास गर्ने कुरा पनि छोड्दिनोस् दर्ता पनि भएन र यो निजामती कानुन ल्याउने कि नल्याउने अनि निजामती कानुन हामी ल्याउन सक्दैनौं भने अनि कसरी सुशासन प्रवर्दन हुन्छ? कसरी जनताले सेवा पाउँछन्? अब यो पाटो चाहिँ हामीले बिर्सनुभएन । यो मैले एकदमै अनुरोध गरें ।

ओली सरकारले पनि ०७५ सालमै यो त्यो बेलामा फागुनसम्मै निजामती कानुन ल्याउँछु भनेर ओली सरकारले नै भनेको हो । यहाँ कुनै पनि सरकार अछुता छैनन् । कुनै पनि अछुता छैनन् । तर मलाई चाहिँ कहिलेकहाँ के लाग्छ भने यो मुलुक साँच्चै कसले चला'को छ? र निजामती कानुन क्यारे कर्मचारीहरूलाई हैन यो मुलुक शासन व्यवस्था हैन यो पार्टीले चलाएको छ । सरकारले चलाएको छ कि त्योभित्र अरू कुन शक्तिले चला'को छ । यो विषय अलिकति ध्यान दिनुपर्छ जस्तो लाग्छ । हस् ..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय भुवन वहादुर सुनार । समय ७ मिनेट । त्यसपछि माननीय इन्दिरा देवी गौतम ।

**(११:४४ बजे) <u>माननीय श्री भुवन वहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्षज्यू र सम्पूर्ण माननीयज्यूहरू, भर्खर अर्थमन्त्रीले विनियोजन विधेयक, २०८० का सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्नुभ'को छ । र यो प्रस्तावित सिद्धान्त र प्राथमिकतामा सैद्धान्तिक रूपले यो राम्रै आको छ । तर प्राथमिकताको हिसाबले हामीले भन्ने गरेका छौं यो बजेट चैं खुद्रे हुनुभएन र ठुलठुला योजनामा लागु गरिनुपर्छ भन्ने भनाइ छ । त्यसमा थोरै

नपुगजस्तो लाग्छ मलाई चैं । किन त भन्दा अब राष्ट्रिय गौरवका योजनाहरू छन्, ती कहिले सम्पन्न नहुने । अब जनताले सास्ती नै भोगिरहनुपर्ने । यतापट्टि आएर साना साना चैं समस्याहरू छन् । साना बाटाहरू, साना योजनाहरू चैं नपर्ने र जनताको दैनिक जनजीवन कष्टकर हुनी, त्यसले गर्दा हामीले ती साना योजनाहरूलाई पनि त्यतिकै प्राथमिकता दिन पर्छ भन्ने लागेको छ । र हाम्रो बजेट त्यसरी नै विनियोजन हुनुपर्छ भन्ने भनाइ हो ।

त्यसका साथै फेरि अब नेपाल कृषिप्रदान देश । नेपालको चैं मेरुदण्ड भनेको नै कृषि भन्ने गरिएको छ हामीले । तर गत वर्ष पनि हामीले कृषिको बारेमा धेरै बहस, छलफल गर्यौं, मल बिउका धेरै कुराहरू गर्यौं, कृषिलाई आधुनिकीकरणका विषयमा धेरै छलफलहरू गर्यौं । र हेर्दाखेरिमा बजेट पनि कृषिमा त्यति चैं भएको देखिँदैन । त्यस्तै गरेर कृषिबाट हामी आत्मनिर्भर कति भयौं? अहिले कृषि उत्पादनबाट चैं हामीले निर्यात कति गर्न सक्यौं? भन्ने सवालमा चैं र बजेट पनि त्यही किसिमले चैं विनियोजन गर्न आवश्यक छ । र राज्यको पहिलो priority कृषि, उद्योग, पर्यटन उद्योग र जलसम्पदा । यसैमा बढी हामी ध्यान दिन आवश्यक छ । यसले हामीलाई आत्मनिर्भरता मात्रै होइन यो विदेशी पुँजीलाई पनि आकर्षण गर्छ र हाम्रो आर्थिक समृद्धिलाई टेवा पुर्याउँछ । र हामीले त्यसमा चैं ध्यान दिन उति नै आवश्यक छ । र हाम्रा बजेटहरू त्यही बढी केन्द्रित हुनुपर्छ भन्ने हो ।

त्यसका साथै फेरि हामीले नेपालमा उद्योगकै विषयमा कुरा गर्दाखेरिमा नेपालमा परम्परागत रूपमा थुप्रा उद्योगहरू छन् । जस्तै अहिले ती उद्योगहरू जब हिजोको अवस्था, हिजो सामन्ती चैं राज्य व्यवस्थाले अपनाएको त्यो बाली घरे प्रथा अथवा विभिन्न प्रथाहरू छन् । त्यसले गर्दा त्यो पेसामा लागेका मान्छेहरूको जीवनस्तर कष्ठकर छ । त्यति धेरै मिहिनेत गर्ने, त्यो कपडा सिलाउनेहरू अहिले चैं गार्मेन्टले पेसा खोसिएर बेरोजगार भ'का छन् । त्यस्तै गरेर औजार बनाउनेहरू अहिले कृषि सामग्री संस्थाहरूले चैं त्यो पेसा खोसिएको छ र बेरोजगार भइहरेका छन् । त्यस्तै गरेर थुप्रा त्यस्ता पेसाहरू छन् जो अहिले हामीले चैं विदेशबाट छाला जुत्ता आ'को, प्रयोग गरिरहेका छौं । तर हाम्रै देशमा हिजोको जस्तै बाँसवारी छाला जुत्ता र ठुला ठुला उद्योगहरू हामीले खोल्न सक्नेतिर नेपालमै ..... उपयोग नगरेर विदेशमा सुद्ध निर्यात गर्न सकिने त्यसले पनि आर्थिक उन्नति गर्ने सक्ने, यस्तो रोजगारमूलक, रोजगारको मूलक पेसा चैं हामीले विस्तारै छोड्दै ग'का छौं । र त्यो त्यही पेसाले गर्दा मान्छे चैं स्वरोजगार भइर'को थियो । त्यो स्वरोजगार भइर'को पेसा अहिले राम्रोसँग नचल्दिँदा, बजारीकरण नहुँदा चैं अहिले ती बेरोजगार भ'का छन् । यो समस्यालाई समाधान गर्नको लागि पनि यस्ता पेसा, व्यवसायलाई चैं औद्योगिकीकरण गर्दै, आधुनिकीकरण गर्दै राज्यले त्यसलाई बजेटको विशेष व्यवस्था गर्न

आवश्यक छ । र त्यो उत्पादनलाई चैं बढवा दिन आवश्यक छ । र यिनै विषयलाई केन्द्रित गरेर यही सदनले हाम्रो सङ्कल्प प्रस्ताव पास गरेका थियौं । र त्यसलाई पनि कार्यान्वयनमा लैजानलाई हामीले पहल, प्रयास गरिरहेका छौं । र सबैको सहयोग र समर्थनले गर्दा हामी यो समुदाय र यी समस्याहरूलाई समाधान गर्नलाई पनि हामी त्यति नै लागिरहेका छौं । त्यसमा म आफू पनि धेरै खुसी छु र यहाँहरूप्रति आभारी छु ।

र अहिले फेरि के त? भन्दा चैं हिजोको द्वन्द्वका कारणले गर्दा धेरै मान्छेहरू र हाम्रो समुदायमा समस्याहरू पैदा भए । जस्तैः घाइते, अपाङ्गलगायतका त्योसँग सरोकार रहेका समुदाय छन् र व्यक्तिहरू छन् । उनीहरूलाई राज्यले औषधि उपचारका व्यवस्था र उनीहरूको जीवन निर्वाह गर्ने अवस्था सिर्जना गर्नलाई राज्यले ध्यान दिन आवश्यक छ । त्यो चैं द्वन्द्व पीडितहरूलाई राज्यले बजेटिङ गर्न आवश्यक छ । र एउटा आवस्थामा पुर्याउन आवश्यक छ । त्यस्तै गर्दै हामीले जसरी कृषिलाई प्राथमिकता दियौं, त्यो रोजगारलाई प्राथमिकता दियौं र त्यो हामीमै सम्भव छ । हाम्रै देशमा सम्भव छ । र त्यो पराम्परागत सिप र पेसा भ'को उद्योगलाई चैं राज्यले कच्चा पदार्थमा छुट दिएर अथवा उनीहरूलाई बजारीकरण गराएर चैं हामी समृद्ध नेपाल बन्न सक्छौं भन्ने विषय राख्दै, बजेट त्यहाँ केन्द्रित हुनुपर्छ भन्ने माग राख्दै बिदा भएँ । हवस् त, धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- इन्दिरा देवी गौतम । समय ५ मिनेट । त्यसपछि माननीय राजेन्द्र लक्ष्मी गैरे ।

**(११:५१ बजे) माननीय श्री इन्दिरा देवी गौतम (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, संविधान निर्माणपछिको दोस्रो आमनिर्वाचनबाट बनेको गठबन्धनका सरकारको तर्फबाट माननीय अर्थमन्त्रीज्यूबाट प्रस्तुत विनियोजन विधेयक, २०८० का सिद्धान्त र प्राथमिकताका बारेमा जे जस्तो विनियोजन विधेयक प्रस्तुत भएको छ । उक्त विधेयकले आज मुलुकले भोगिरहेको आर्थिक सङ्कट यो सङ्कट निभारणका लागि गर्नुपर्ने कामहरू र प्रस्तुत कार्यक्रमहरू पर्याप्त छैन भन्ने महसुस गरेको छु ।

माननीय अर्थमन्त्रीज्यूले प्रस्तुत गर्नुभएको अर्थतन्त्रमा देखिएको समस्या र तिनको समाधानको लागि अगाडि सार्न खोजिएका प्रस्तावहरू अत्यन्त फितला र कमजोर रहेका छन् । मुलुकले विगत ५५/६० वर्षको इतिहासमा कहिले पनि नबोकेको सङ्कट विगत दुई वर्ष यता गठबन्धन सरकारका कारण भोगिरहेको छ । २०७८ साल असार २८ गते सर्वोच्च अदालतको

परमादेशबाट बनेको गठबन्धन सरकारका अदुरदर्शी अपारदर्शी क्रियाकलापका कारण मुलुकको सिङ्गो अर्थतन्त्र धरासायी बन्न पुगेको छ । यस अवस्थामा रहेको अर्थतन्त्रलाई सामान्य अवस्थामा फर्काउनका लागि सामान्य किसिमका गतिविधिबाट सम्भव देखिँदैन । अर्थतन्त्रमा लागेको रोगले गम्भीर सर्जरीको माग गर्दछ । अघिल्लो वर्ष प्रस्तुत गरिएको र अहिले प्रस्तुत गरिएको विनियोजन विधेयकमा खास अन्तर देखिएको छैन । अघिल्लो विधेयकले आर्थिक उन्नति गर्ने उत्पादनशील क्षेत्रमा लगानी गरी तीव्र आर्थिक वृद्धि हासिल गर्ने भनिए तापनि सोअनुसार आर्थिक अवस्था सुधार गर्न सकिएन । आर्थिक वृद्धि गर्न सकिएन । यस वर्ष पनि अर्थमन्त्रीज्यूको प्रस्ताव टाल्टुले सतही र अघिपछिको सामान्य अवस्थाको जस्तो झारा टार्ने खालको मात्र देखिएको छ । लोकतान्त्रिक व्यवस्थाका माध्यमबाट जनताको बढ्दो आकाङ्क्षा र न्यूनतम आवश्यकताको सम्बोधन हुन्छ र हामी गर्न सक्छौं भन्ने एउटा भरपर्दो विश्वसनीय निष्पक्ष अवस्था सिर्जना गर्नुपर्ने समयको माग छ तर प्रस्तुत विधेयकका प्राथमिकताहरूले मुलुकको यस किसिमको गम्भीरता र सङ्कटलाई चिरेर सही दिशा दिन सक्ने देखिँदैन ।

अध्यक्ष महोदय, विनियोजन प्रस्तुत गर्दा हरेक वर्ष प्राथमिकतामा पारिने गरेका क्षेत्रहरू जस्तैः स्वास्थ्य, शिक्षा, कृषि, सूचना सञ्चार तथा प्रविधि, भौतिक पूर्वाधार, उद्योग व्यवसाय आदि क्षेत्रका लागि उचित बजेट व्यवस्था र कार्यान्वयनको पक्ष भने सधैं कमजोर देखिने गरेको छ ।

सम्माननीय अध्यक्ष महोदय, देशलाई आत्मनिर्भर बनाउनका लागि प्राकृतिक स्रोत र साधनलाई उत्पादनमुखी बनाउने र बढ्दो बेरोजगारीको अन्त्य गर्ने र समृद्ध नेपाल, सुखी नेपालीको आकाङ्क्षा पूरा गर्ने खालका योजनाको तथ्याङ्क तयार गरेर मात्र बजेट बनिनुपर्दछ । लोक प्रियताका लागि मात्र अनुत्पादित क्षेत्रमा लगानी गर्नुहुँदैन । यसलाई ध्यान लिनुपर्ने हो । मुलुकको आर्थिक क्षेत्रमा चुलिँदो सङ्कट समाधान गर्ने भर पर्दो कार्ययोजनाबेगर अर्थतन्त्रमा सुधार गर्न सकिँदैन भन्ने कुरा सरकार र मन्त्रीलाई जानकारी हुनुपर्ने हो ।

सम्माननीय अध्यक्ष महोदय, बढ्दो साधारण खर्च र घट्दो राजस्व सङ्कलन जनताका बढ्दो आकाङ्क्षा र राज्यको घट्दो पुँजीगत खर्चको क्षमता र साधन स्रोत उत्पादनमा आइरहेको गिरावट बढ्दो बेरोजगारी तथा चुलिँदो भ्रष्टाचार बेथिती अनियमित तथा अपारर्देशी स्वेच्छाचारी प्रवृत्तिमा नियन्त्रण गर्ने प्रभावकारी कार्यक्रम र त्यसअनुसारको वित्तीय तथा मुद्रा नीति र सुशासनका लागि भर पर्दो कार्यक्रमबेगर वर्तमान सङ्कटबाट उन्मुक्ति पाउने सम्भावना देखिँदैन । यसतर्फ दरिलो पाइला चाल्ने गरी प्रस्तुत विधेयक आएको पाइएन । यो विधेयक अपूरो समस्या समाधानका लागि कमजोर प्रस्ताव भयो भन्ने लागेको छ वर्तमान आर्थिक सङ्कटलाई न्यूनीकरण गर्न देशलाई आत्मनिर्भर बनाउन सबै क्षेत्रका आयातलाई घटाउने निर्यात बढाउने खालका

क्षेत्रमा बढी जोड दिँदै विलासी वस्तुहरूलाई आयातमा नियन्त्रणको नीति लागु गर्नुपर्दछ । हाम्रो कृषिप्रधान देश हो । कृषिमा विभिन्न क्षेत्र छन् । त्यसमा उत्पादन बढाउने त्यसै गरी पर्यटन र विद्युत् हाम्रो स्रोतको मुख्य आधार बन्न सक्छ । त्यसतर्फ विशेष जोड दिँदै नीति बनाउनुपर्दछ । सिद्धान्तमा मात्रै होइन । व्यवहार र कार्यान्वयनमा इमानदारी बन्न सरकारको ध्यान जान जरुरी देख्दछु । हवस् त, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय राजेन्द्र लक्ष्मी गैरे । त्यसपछि माननीय तारामान स्वांर । राजेन्द्र लक्ष्मी गैरे । समय ८ मिनेट हैं ।

**(११:५७ बजे) <u>माननीय श्री राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्षज्यू, विनियोजन विधेयक, २०८० का सिद्धान्त र प्राथमिकरणमा माननीय अर्थमन्त्रीज्यूले ल्याउनुभएको विविध क्षेत्रलाई समेटेर ल्याएको हामीले देख्यौं । देखेका छौं । र लक्ष्य हाम्रो समाजवादको, यात्रा हाम्रा समृद्धिको । यो योजना र बजेटले नेपाली जनताको समृद्धिको चाहनालाई पूरा गर्न कति योगदान पुऱ्याउछ भनेर पनि समीक्षा गर्नुपर्ने लाग्छ मलाई । राज्य प्रतिभरोसा गर्ने, भविष्य प्रतिआसा जगाउने बजेटको सङ्केट गर्नुभएको छ । र अहिले जनतालाई प्रत्यक्ष सहयोग पुग्ने गरी, मन छुने गरी आएका योजनाहरूले मात्रै मान्छेले भविष्यमा विश्वास गर्न सक्छ । त्यसो भएको हुनाले जनताको घरघरमा दिनहुँ रूपमा आवश्यक पर्ने चिजहरूमा राज्यले अनुदान दिन सक्यो भनेदेखि मात्रै जनताको मन छुन सक्छ । तसर्थ जनताले बाल्ने विजुलीमा कम कम्तिमा ५० प्रतिशत अनुदान दिने । त्यो उनीहरूले तिर्ने करमा छुट दिने व्यवस्था हामीले योजनाबद्ध रूपमा ल्याउन सकियो भने जनतालाई प्रत्यक्ष रूपमा छुन्छ । यसले जात भन्दैन, भूगोल भन्दैन, महिला भन्दैन, पुरुष भन्दैन सबैका निम्ति यो राहत हुन्छ । त्यसैले गर्दा योजनामा यो बजेटमा यो कुराहरू पनि समेटेर आओस् भन्ने चाहना छ ।

समावेशी र दिगो फराकिलो आर्थिक बृद्धिदर गर्ने कुरा छ । गरिबी न्यूनीकरण गर्ने कुरा छ । के यही हो त गरिबी न्यूनीकरण गर्ने? बढ्छ आम्दानी कसरी? भन्ने कुरा चाहिँ आएको भए अझै राम्रो हुन्थ्यो भन्ने मलाई लाग्छ । र हामीले स्वास्थ्य र शिक्षाको कुरा गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी उपलब्ध गराउने कुरा पनि छ । हाम्रो शिक्षा दुई खालको भयो । सरकारी र निजि खालका छन् । र सरकारीको स्तरभन्दा चाहिँ निजिको राम्रो छ भन्ने पनि छ । रिजल्टले पनि त्यस्तै देखिन्छ । जनताले त्यस्तो हो भनी निजि क्षेत्रसँग साझेदारी गरेर एकरूपता ल्याए हुन्छ नि त सरकारले? यस्तो खालको नीति निर्माण गरें राम्रै हुन्छ जस्तो मलाई

लाग्छ । स्वास्थ्यमा, स्वास्थ्य क्षेत्रमा स्वास्थ्यको अति आधाभुत कुराहरू अहिलेको जनसङ्ख्याको आधारले हेर्दाखेरिमा ६५ पर्सेन्ट मान्छे सहरमा बस्छन् । ३० पर्सेन्ट जनता गाउँमा बस्छन् । ६५ पर्सेन्ट सहरमा बस्ने मान्छेको मानव स्वास्थ्य त्यो मान्छेको जीवनस्तर त्यो मान्छे स्वच्छ रूपले बाच्नको निम्ति कार्यक्रम के त? हाम्रो यो वातावरणलाई सफा राख्नका निम्ति धुवा धुलो होला? हरेक कुराहरू अथवा हाम्रो यहाँको हरियाली बढाउने कुराहरू होला? ६५ पर्सेन्ट मान्छेको निम्तिलाई केन्द्रीत कार्यक्रम छुट्टै । पहाडमा बस्ने ३० पर्सेन्ट मान्छेहरूको कार्यक्रम छुट्टै र फराकिलो हिसाबले सोँच्यो भने छुट्टै बनाउँदाखेरिमा हामी साहित सप्पै ठाउँका जनतालाई सेवा पुऱ्याउन सक्थ्यौं होला भन्ने मलाई लाग्छ ।

र स्वास्थ्य क्षेत्रमा विशेष विशेष खालको किड्नी फेलिएर भएर आफन्तीहरू नभएको मान्छेहरू मर्नुपर्ने अवस्थामा छ । यस्तो बेलामा चाहिँ हामीले स्वास्थ्य क्षेत्रलाई ध्यान दिँदा चाहनी मान्छेहरूले दिन सक्ने । अरु मान्छेले दिन सक्ने । सरकारले व्यवस्था गर्दिन सक्ने खालका योजना हामीले बनायौं भने प्रत्यक्ष मर्नबाट छट्पटिएका मान्छेहरूलाई पनि हामी बचाउन सकिन्थ्यो होला । र यो नीतिगत रूपमै चाहनेले दिन सक्ने खालका कुराहरू पनि हामीले स्वास्थ्यलाई ध्यान पुऱ्याउँदाखेरि नीतिमा त्यो कुराहरूलाई पनि हामी राख्न सक्यौं भने राम्रो हुन्थ्यो भन्ने मलाई लाग्छ ।

र पूँजीगत खर्च चाहिँ कम भयो भन्ने चाहिँ हामीले सुनिरहेका छौं । पूँजीगत खर्च भनेको सायद बाटो बनाउनी, पुल बनाउनी यस्तै यस्तै ठुला भवन बनाउने खर्च होला । पूँजीगत खर्च यस्तो खर्च २० पर्सेन्ट मात्रै खर्च भयो रे? २० पर्सेन्ट मात्रै खर्च भएको भए । गत साल अगिल्लो साल, अगिल्लो साल सरकारले जे ल्याथ्यो । यो सालको सरकारले पनि त्यही ल्याउने होला? २० पर्सेन्ट मात्रै खर्च भएको भए ८० पर्सेन्ट कहाँ छ त पैसा? त्यो बजेटमा छ होला नि? त्यो पैसा छैन भन्छ? पैसा त बच्नुपऱ्यो नि त? काम नभएपछि त अनि बच्नुपर्ने हैन र? ८० पर्सेन्ट बजेट कहाँ छ? किन यो विषयमा हामीले मूल्याङ्कन गरेनौं? गत सालको योजना के थियो? कति हामीले हासिल गऱ्यौं? कति पैसा बच्यो? कति पैसा खर्च भयो? यो आधारमा पनि हुनुपर्ने? काम नहुँदाखेरि त पैसा सरकारसित त टन्नै हुनुपर्छ मेरो लाटो अर्थमा है । त्यो ८० पर्सेन्ट पैसा बचेको हुनुपर्छ? २० पर्सेन्ट मात्रै काम हुँदा । त्यसो भएको हुनाले त्यो विषयमा पनि हामीले बजेटमा उल्लेख गर्नुपर्छ । ल्याउनुपर्छ । मूल्याङ्कन गर्नुपर्छ भन्ने मलाई लाग्छ ।

र पारदर्शीताको कुरा एकदमै उठेको छ । हामी अपारदर्शी भयौं भने अनि हामीले बाच्छौं कसरी? हामी टेक्छौं कसरी? यो धर्तीमा । यो जीवन त सारै कठिन हुन्छ नि? त्यसो भएको हुनाले यो पारदर्शी बनाउने कुरालाई यतिकै लेखेर पुग्दैन । हामी सबै पारदर्शी भएको जनताले

हामीलाई पढ्न सक्ने योजना हुनुपऱ्यो नि त? जनताले हाम्रो मूल्याङ्कन गर्ने ठाउँ पाउनुपऱ्यो । यो हिसाबले आयो भनेहुन्छ होला भन्ने मलाई लाग्छ ।

र किसानको, किसानको चाहिँ आम्दानी बढाउने कुरा सायद प्राराङ्गारिक मलको कुरा होला? औजारको कुरा होला? विउ विजनको कुरा होला?   विकासे मलकै कुरा होला? र यो प्राङ्गारिक मल हामीले बनाउँछौं भने कति ठाउँमा बनाउछौं त? कति विगाहको लागि कति रोपनीको लागि यो कुराहरू त आउनुपर्यो नि त? र यस्तो कुराहरू आएन भने लेखेर मात्रै त विश्वास गर्दैनन् नि त? आसा गर भरोसा गर भनेर भएन । किटानका साथ आउनु पऱ्यो । हामीले औजार विउ, विजन, मल, प्राराङ्गारिक मल हामीले किसानलाई दिने कुराको सुनिश्चित गरेर आउनुपऱ्यो । र यसलाई अझै त्यसरी बुझ्नि भाषामा आइदिए राम्रो हुन्छ भन्ने लाग्छ मलाई लाग्छ ।

फजुल खर्च कम गर्ने कुरा पनि छ । फजुल खर्च कम गर्न  त सबभन्दा पहिला निर्वाचन प्रणाली मै घटाउनुपर्छ । करोडौं करोडौं खर्च गरेर चाहिँ निर्वाचन लड्ने । अनि अर्को चोटीलाई फेरि जुटाउने । नसकेदेखि चाहिँ अनि थन्किने त्यो खालको अवस्था आउछ नि त? त्यसो भएको हुनाले फजुल खर्चमा हामीले निर्वाचन प्रणाली पनि हामीले महङ्गो देखेका छौं । अबको निर्वाचन प्रणालीमा यदि हामीले सुधार गर्न सकेनौं भने विदेशमा बसेर पैसा कमाउने । उतैबाट आउने टिकट, चुनाव लड्ने, भोट हाल्ने पनि उतैबाट आउने हुन्छ । यहाँको मान्छे हेरेको हेरै हुने स्थित हुन्छ । मैले यति वर्ष गरेर भनेर अब हुने वाला छैन । त्यसो हुनाले निर्वाचन प्रणाली सुधार गर्नुपर्छ । अर्को सरकारको चाहिँ खर्च घटाउने कुरामा चाहिँ मैले के देख्छु भने । हाम्रो घरको जग्गाको लालपुर्जा एकचोटी दिएपछि हुन्छ । तिरो तिरे पुग्छ । अनि तपाईहरूले चढ्ने गाडी, मोटरसाइकलका लाइसेन्सहरू हामीले पाँच पाँच वर्षमा नवीकरण गर्ने छाप्ने, करोडौं करोडौं सरकारले चाहिँ खर्च गर्नुपर्ने । त्यो लाइसेन्स पनि त एक पटक दिएर पुग्दैन र पुग्छ होला नि त? नवीकरण हामीले पाँच पाँच वर्षमा गरे हुन्छ हैन? नवीकरण गर्ने लाइसेन्स छापेर खर्च किन गर्ने? पटक पटक लाइसन पाँच पाँच वर्षमा लाइसेन्स छाप्ने करोडौं रुपैयाँ त बच्चा सक्छ नि त? यस्तो कुरा पनि त सरकारले कटौती गर्न सक्छ?

त्यस्तै गरी अनि अर्को कुरा चाहिँ हामले कटौती गर्ने कुराहरू यहाँ यो धेरै वर्ष भयो । शिक्षा क्षेत्रमा मात्रै लोक सेवाले निरन्तरता देख्छ । स्वास्थ्य क्षेत्रमा दिएको छैन । कर्मचारीहरू करारमा हामीले भर्ना गरिरहेका छौं । हामले किन यसो गर्ने? लोक सेवामा स्थायी दिउँ । जति काम गर्न ऊ ढुक्क भएर काम गर्छ । र संघीयतामा जाँदाखेरि कतिपय ठाउँमा ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय तारामान स्वांर । समय ७ मिनेट । त्यसपछि माननीय विमला घिमिरे ।

(१२:०६ बजे) **माननीय तारामान स्वांर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, यही २४ गते अर्थमन्त्रीज्यूले विनियोजन विधेयक, २०८० का सिद्धान्त र प्राथमिकताका सम्बन्धमा प्रस्ताव यस सम्मानित सभामा प्रस्तुत गर्नुभएको छ । र हिजोदेखि हामी त्यसमाथि विभिन्न कोणबाट छलफल गरिरहेका छौं । पूर्ववक्ता माननीयज्यूहरूका रचनात्मक सुझावहरूप्रति समर्थन गर्दै म आफ्ना केही धारणाहरू राख्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, हामी संसदमा विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकता नीति तथा कार्यक्रम एवम् बजेटमाथि बहस त गर्छौं तर त्यसमा कमा पनि परिवर्तन हुँदैन । च्याउको सट्टा स्याउ प्रिन्ट भए पनि सच्याइँदैन भने बहसको केही अर्थ छैन । तसर्थ, सर्वप्रथम नेपालमा नीति तथा कार्यक्रम र बजेट बनाउने पद्धतिमा नै परिवर्तन गर्नुपर्दछ । नीति तथा कार्यक्रम र बजेट बन्द कोठामा बसेर बनाउने योजना एवम् खर्च र आम्दानीका दस्ताबेज मात्र नभएर देश र जनताका आशा, अपेक्षा तथा भविष्यका ऐनाहरू हुन् । तसर्थ, गहन बहस र आवश्यक संशोधनपछि परिमार्जित गरेर मात्र पारित गर्ने पद्धतिको विकास गर्नुपर्दछ ।

सम्माननीय अध्यक्ष महोदय, अर्थतन्त्रका समस्या हल गर्न र समृद्धिका लागि राजनीतिक इच्छा शक्ति, राजस्व बढाउने तथा खर्च घटाउने, निर्यात बढाउने र आयात घटाउने, उत्पादनशील उद्योगको विकास र प्रविधिको विकासमा जोड दिनुका साथै उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने एवम् रोजगारी सिर्जना गर्ने सिद्धान्त र कार्य योजनाको आवश्यकता छ । सुदूरपश्चिम कर्णाली र मधेस प्रदेश मानव विकास सूचाङ्क वित्तीय पहुँच र साक्षरता पूर्वाधार एवम् मानव संशाधन निर्माणमा निकै पछि परेकाले, यी प्रदेशहरूलाई प्राथमिकतामा राखी राज्यको लगानी बढाउनुपर्दछ ।

अहिले पनि कृषि क्षेत्र नै अर्थतन्त्रको मुख्य मेरुदण्ड भएकोले कृषि क्षेत्रको सुधार, विकास, विस्तार, व्यवसायीकरण र यान्त्रिकीकरण गर्ने सिद्धान्तका साथै कृषिमा बजेट बढाइनुपर्दछ । र आत्मनिर्भर तथा निर्यातमुखी उद्योगका रूपमा कृषि क्षेत्रलाई विकास गर्नुपर्दछ । आत्मनिर्भर र स्वतन्त्र देशको रूपमा विकास गर्न नेपालका सबै खुला सीमाहरू बन्द गरिनुपर्दछ । जङ्गल, जल, जमिन, जनशक्ति र जडीबुटीलगायतका हाम्रा अमुल्य स्रोत, सम्पदाको उचित प्रयोग तथा प्रविधि, पुँजी र श्रमको समायोजन गर्ने सिद्धान्त र कार्यक्रम हुनुपर्दछ ।

सम्माननीय अध्यक्ष महोदय, अर्थमन्त्रीज्यूको प्रस्तावले समस्याको पहिचान राम्ररी नै गरेको छ । तर त्यसको यथोचित कारण र समाधान भने दिन सकेन । सत्तापक्ष र प्रतिपक्षका धेरै माननीयज्यूहरूले व्यवस्था परिवर्तन भयो तर अवस्था परिवर्तन भएन भन्ने कुरा गर्नुभयो । यो सत्य हो । अवस्था परिवर्तन हुन नसक्नुको मूल कारण कुनै व्यक्ति वा दल विशेष नभएर हामीले अपनाएको आर्थिक प्रणाली नै हो । हामीले राजनीतिक प्रणालीमा त परिवर्तन गर्यौं तर आर्थिक प्रणालीमा परिवर्तन गर्न सकेनौं । हाम्रो आर्थिक प्रणाली नवउद्धारवादी पुँजीवाद नै हो । हाम्रा सबै बहसहरू र समाधानहरू यही आर्थिक प्रणालीको घेराभित्र रहेर भइरहेका छन् । यसले न त समस्याको समाधान गर्छ, न त संविधानको परिकल्पना नै पूरा गर्छ ।

अहिले नेपालको आर्थिक क्षेत्रमा देखा परेका भ्रष्टाचार, कमिसन, कालो बजारी, महङ्गी, बेरोजगारी, व्यापार घाटा र राजस्व छलीलगायतका अनेकौं समस्याहरू यही आर्थिक प्रणालीका उपज हुन् । भूकम्प र कोभिड र रुस र युक्रेनको युद्धले यसलाई थप समस्याग्रस्त बनाएका छन् । राजनीतिक प्रणाली र आर्थिक प्रणालीका बिच रहेको अन्तरविरोध हल नगरी अवस्था परिवर्तन हुन सक्दैन । तसर्थ, वर्तमान आर्थिक प्रणालीमा परिवर्तन अहिलेको आवश्यकता हो भन्ने कुरामा जोड दिनुका साथै सरकार र सबै राजनीतिक दलहरू गम्भीर भएर आर्थिक प्रणाली परिवर्तन गर्न साहस गर्नुपर्दछ भन्ने आग्रह गर्दै आफ्नो भनाइ यहीं अन्त गर्दछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय विमला घिमिरे । समय ७ मिनेट । त्यसपछि माननीय विना पोखरेल ।

**(१२:१२ बजे) <u>माननीय श्री विमला घिमिरे (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्षज्यू, हामी बजेटको अधिवेशनको सुरुआतसँगै माननीय अर्थमन्त्रीज्यूले पेस गर्नुभएको विनियोजित विधेयक, २०८० को सिद्धान्त र प्राथमिकताका विषयमा छलफल केन्द्रित गरेका छौं । यो राष्ट्रिय सभाको चौधौं अधिवेशन अत्यन्तै प्रभावकारी ढङ्गले अगाडि बढोस् । म यो सफलताको शुभकामना दिन चाहन्छु । चालु आर्थिक वर्षको राजस्व सङ्कलनको लक्ष्य हेर्दा सरकारको लक्ष्यभन्दा ५० प्रतिशत कम र आर्थिक वृद्धि दर हेर्दा ३ प्रतिशतमा खुम्चने स्थितिले गर्दा देशले गम्भीर आर्थिक सङ्कटको सामना गर्नुपर्ने देखिन्छ । एकातिर हेर्दा बजेटको आकार घट्ने स्थिति छ भने अर्कोतिर विनियोजित विधेयकका ३१ ओटा बुँदा पढ्दा मानौं देशमा कुनै आर्थिक सङ्कट नै छैन । पहिलाभन्दा झनै फराकिलो ढङ्गले बजेट बनाउन सकिन्छ र परिचालन गर्न सकिन्छ भनेजस्तो गरी एउटा निबन्धको रूपमा पेस गरियो । यो विधेयकको बुँदा नम्बर २

मा मुलुकको अर्थतन्त्र दबाबमा छ । उत्पादन, व्यापार र निर्माण क्षेत्रमा सुस्तता आएको छ । आर्थिक वृद्धि दर न्यून देखिएको छ । पुँजीगत खर्च बढ्न सक्ने स्थिति छैन तर साधारण खर्चतर्फ खर्च वृद्धि भएकोलगायतका विषय उल्लेख गरियो तर यस्ता परिस्थितिबाट मुक्त हुनका लागि मुलुकलाई आर्थिक सङ्कटबाट मुक्त बनाउनका निम्ति तोकिनुपर्ने प्राथमिकता र सिद्धान्तहरू उल्लेख गरिएन । यसबाट यो प्रस्तुत विनियोजित विधेयक अधुरो छ भन्ने कुरा प्रष्ट देखिन सकिन्छ ।

सम्माननीय अध्यक्षज्यू, हाम्रो संविधानले लक्षित गरेको लोक कल्याणकारी राज्यको निर्माणका लागि सार्वजनिक, निजी र सहकारी क्षेत्रको विकास तथा सबै प्रकारका असमानताको अन्त्य गर्दै समाजवादी उन्मुख आत्मनिर्भर र समृद्ध अर्थतन्त्रको निर्माणतर्फ यी सिद्धान्त र प्राथमिकताहरू लक्षित हुनुपर्ने होइन र? दिगो विकासका लक्ष्य हासिल गर्न सुखी नेपाली समृद्ध नेपालको राष्ट्र आकाङ्क्षा कता हरायो?

प्रदेश र स्थानीय तहमा गरिने वित्तीय हस्तान्तरण घट्नुहुँदैन । अहिले फिर्ता गरेको भनेर जुन सुनिएको छ । आगामी बजेटमा यो घट्नुहुँदैन । बरु अझै थपेर सङ्घीयतालाई बलियो बनाउन र कार्यान्वयन गर्दै जानुपर्छ ताकि सबैभन्दा नजिकका सरकार भनेका । जनताका सरकार भनेको स्थानीय तह र प्रदेश हो । त्यसैले साँच्चै अर्थमा सङ्घीयता बलियो बनाउनका निम्ति वित्तीय हस्तान्तरण बढाउन पर्छ । म आगामी बजेटमा प्राथमिकतामा राख्नुपर्ने केही विषयहरूप्रति अर्थमन्त्रीज्यूलाई ध्यान आकर्षण गराउन चाहन्छु ।

दिगो विकासका लक्ष्यलाई सन् २०३० सम्म पूरा गर्न नेपालले बनाएका सूचकहरूका आधारमा हरेक मन्त्रालयले आफ्नो बजेट बनाउनुपर्दछ । कृषि क्षेत्र र विशेष गरी उत्पादनमा आधारित उद्योगहरूलाई प्राथमिकतामा राखेर बजेट विनियोजित गरिनुपर्दछ । आयातमुखी नीति र भन्सारका दर रेटलाई बदलेर उत्पादनशील क्षेत्रमा प्रोत्साहित गर्नुपर्ने जसले गर्दा रोजगारीका अवसरहरू आप से आप सिर्जना हुन्हुन् र राष्ट्रिय अर्थतन्त्र बलियो हुँदै जान्छ बजेट विनियोजन गर्दा पर्यटकीय र कृषि क्षेत्रलाई एक वर्षमा यो लक्ष्यमा पुराउछौं भन्ने प्रतिबद्धताका साथ निम्न कुरामा जोड दिन जरुरी छ । कृषि उत्पादनमा आधारित अनुदान दिनुपर्ने कृषिजन्य उद्योग स्थापनाको लागि चाहिने आवश्यक लगानीको ब्याज अनुदान दिनुपर्ने साँच्चै कृषिकले प्राप्त गर्ने नीतिगत व्यवस्था गर्नुपर्ने अनुदान साँच्चै कृषकले पाउनुपर्यो । अहिलेसम्म हामीले देख्दा कतै बाख्रा पालन त कतै भैंसी पालनका नाममा जथाभावी अनुदान वितरण भ'को सुनिएको छ । त्यसलाई नीतिगत व्यवस्था गरेरै जानुपर्छ । कृषकले उत्पादन गरेका उत्पादनका वस्तुहरूलाई मूल्य निर्धारण गर्दै सरकारले खरिद गर्ने ग्यारेन्टी गरिनुपर्छ । हाम्रो देशको भौगोलिक अवस्था

त्यहाँको मौसम त्यहाँ भएको जनशक्तिको आधारमा बाली पहिचान गरी यान्त्रीकरण र अन्य अनुदानको व्यवस्था गरिनुपर्छ । यो जथाभावी कुनै ठाउँमा धान खेती नै नहुने ठाउँमा धानजनको पनि कल्पना गरेको देखियो विगतका केही त्यस्ता अनुभवहरू छन् । त्यसैले ती पहिचानका आधारमा गरिनुपर्छ । कृषि जोनहरू बनाउँदा पनि पहुँचको भरमा होइन भन्सुनको आधारमा होइन । उत्पादनमा आधारित भएर जोनहरू बनाइनुपर्छ । कृषि क्षेत्रको विकासलाई पर्यटनसँग जोड्ने गरी उत्पादित चिजहरूलाई सकेसम्म अर्ग्यानीकरण गर्ने र ती त्यस्ता चिजहरूलाई प्रोत्साहित गर्ने गरी हाम्रो बजेटमा प्राथमिकतामा राखिनुपर्छ । नेपालमा फोहोर व्यवस्थापनको अवस्था हेर्दा लगभग लगभग धेरै नगरपालिकाहरूमा यो समस्या देखिएको छ । त्यसैले सबै जिल्लाहरूमा फोहोर व्यवस्थापनको योजना बनाउनका निम्ति हामीले वित्तीय हस्तान्तरण गरौं र ती फोहोर व्यवस्थापनका कुराहरूलाई कम्तीमा जिल्लामा एउटा प्रोजेट सञ्चालन हुने गरी त्यहाँ फोहोर व्यवस्थापनका कुराहरू र सँगसँगै अर्ग्यानिक मल त्यसबाट उत्पादन हुने भ'को हुनाले हामीले अर्ग्यानिक चिज खान पनि पाइने जसले गर्दा हामीले रसायनिक मल आयात घटाउन सकिन्छ । हामी रसायनिक मल भएन भन्ने चिन्ता त गरिरहेकै छौं । समयमा चाहिन्छ नै तर त्यसलाई कम गर्नका निम्ति हामीले अब यो मल उत्पादनतिर पनि अलिक विशेष जोड दिनका निम्ति त्यो प्राथमिकतामा तोकेर ल्याउनुपर्छ ।

पर्यटनतिर हेर्दा आन्तरिक पर्यटनलाई जोड दिने बाह्य पर्यटकलाई भित्र्याउनका निम्ति जुन हाम्रो लक्ष्य छ । हाम्रा धार्मिक, ऐतिहासिक क्षेत्रहरू विकास र संवर्द्धन भएका छैनन् । ती कुराहरूलाई ध्यान दिएर अगाडि बढाउनुपर्छ । भूमिको अधिकतम उपयोग गरी कृषि क्षेत्रलाई प्रोत्साहन गर्नुपर्छ । हामीले बजेटमा पूर्वाधार निर्माणतर्फ गौरवका आयोजनाहरू अधुरा योजनाहरूमा विशेष जोड दिंदै अति आवश्यक योजनाहरूमा प्राथमिकता छुट्याइनुपर्छ । योजनाहरू मन्त्रीका क्षेत्रमा मात्रै होइन । पहुँचका आधारमा मात्रै होइन । भौगोलिक विकटता र आवश्यकताका आधारमा छनोट हुन जरुरी छ र प्रत्येक निर्वाचन क्षेत्रमा रणनीतिक सडक कम्तीमा एउटा एउटा हुने गरी यहाँबाट ग्यारेन्टी गरिनुपर्दछ ।

सँगसँगै यो राष्ट्रपति महिला उत्थान कार्यक्रमको निरन्तरतामार्फत सशक्तीकरण, गर्भवती महिलाले पाउँदै आएको सेवा र सुविधालाई मध्यनजर राखेर यसलाई हटाइनुहुँदैन । सँगसँगै महिला मैत्री यो बजेट देखिएको छैन । यो महिला मैत्री होस् । यो लैङ्गिक बजेट भनेर जुन हिसाबले विगतमा आउनेगर्थ्यो । यो वर्ष छैन । त्यसलाई प्राथमिकतामा राखियोस् भन्न चाहन्छु र एउटा अन्त्यमा अध्यक्षज्यू, म अन्त्यमा एउटा यो विधेयकको बुँदा नम्बर १४ मा शिक्षा क्षेत्र धेरै कुराहरू छन् । म त्यतातिर जान्नँ र एउटा बुँदामा यो नागरिक शिक्षामा जोड दिने भनिएको

रैछ । यो भुल बस् भएको होलाजस्तो मलाई लाग्यो । यो नैतिक शिक्षा भन्न खोजेको हो कि? यो गौतम बुद्धको देश हो । बुद्ध शिक्षालाई अगाडि बढाउने सबै विद्यालयहरूले बुद्ध शिक्षालाई कम्तीमा पाठ्यक्रम बनाएर लागु गर्नका निम्ति यो अहिलेको वर्षको शिक्षा मन्त्रालय यसमा ध्यान दिएर बजेट विनियोजन गरोस् । म यो राख्दै हरेक मान्छेलाई चाहिँ बुद्ध शिक्षाको माध्यमबाट बालबालिकालाई नैतिकवान बनाउन सकिन्छ भन्ने कुरा यहाँ जोड दिन चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय विना पोखरेल । समय ६ मिनेट । त्यसपछि माननीय इन्दु कडरिया ।

(१२:२० बजे) **<u>माननीय श्री विना पोखरेल (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, माननीय अर्थमन्त्री डा. प्रकाशशरण महतज्यूले यही वैशाख २४ गते संघीय संसदमा प्रस्तुत गर्नुभएको विनियोजन विधेयक, २०८० का सिद्धान्त र प्राथमिकता बारे आफ्ना केही धारणा र सुझाव राख्नको निमित्त म यहाँ उभिएकी छु । दिगो, फराकिलो एवम् समावेशी आर्थिक वृद्धि हासिल गर्ने, रोजगारका अवसर बढाउने, सुशासन प्रवर्दन गर्ने, सेवा प्रवाह सुधार र स्रोत साधनको परिचालनमा प्रभावकारिता कायम गर्ने लक्ष्यसहित ३१ बुँदामा आएको विनियोजन विधेयक, २०८० का सिद्धान्त र प्राथमिकताले आगामी आर्थिक वर्ष २०८०/८१ को बजेटको मार्गचित्र प्रस्तुत गरेको छ । माननीय अर्थमन्त्रीज्यूले ४ वटा बुँदामा हाम्रो अर्थतन्त्रका चुनौती र आवश्यकता औंल्याउनुभएको छ भने ५ वटा बुँदामा बजेटका सिद्धान्त र १५ वटा बुँदामा क्षेत्रगत प्राथमिकतालाई किटान गर्नुभएको छ ।

अध्यक्ष महोदय, एकातिर हामी कोरोनाको विश्वमहामारी र रुस, युक्रेन युद्धको कारण साँच्चै चुनौतीपूर्ण र जटिल परिस्थितिका बिचमा छौं । मुलुकको अर्थतन्त्रको स्थिति र भइरहेको आर्थिक क्रियाकलापले सर्वत्र निराशा पैदा गरिरहेको छ । अर्कोतिर जनताका अपेक्षाहरू अत्यन्तै धेरै छन् । आन्तरिक उत्पादनमा ह्रास आएको छ, रोजगारीको अवसर सिर्जना गर्न नसक्दा राष्ट्र निर्माणको मेरुदण्डको रूपमा रहेको दक्ष युवा श्रम शक्ति पलायन हुने कुरामा कुनै कमी छैन । चालु आर्थिक वर्षका योजनाहरूमा विनियोजित बजेट कटौती गरेर सरकारले दिन दैनिकका खर्च धान्नुपर्ने स्थितिमा हाम्रो अर्थतन्त्र पुगेको छ । हामी असफल हुने र सिद्धिने वा अर्थतन्त्रलाई गुणात्मक ढङ्गले नयाँ दिशा दिई माथि उठाउने? यो हाम्रा लागि यक्ष प्रश्न । यक्ष प्रश्नबारे खडा भएको छ राष्ट्रका महत्त्वपूर्ण विषयहरूको पनि राष्ट्रिय सहमति कायम गरेर अगाडि बढ्ने संस्कारको विकास हुन सकेको छैन । प्रतिपक्ष कसरी सरकारलाई अप्ठ्याँरोमा पारेर खुट्टा तान्ने

अनि लडाउने ध्यानमा छँदै छ । सधैं नकार मात्रै देख्ने र आलोचनामा रमाउने ऊ आफ्नो धर्म सम्झिन्छ । यही परिवेषसँगै माननीय अर्थमन्त्रीज्यूले सदनसमक्ष प्रस्तुत गर्नुभएको विनियोजन विधेयक, २०८० को सिद्धान्त र प्राथमिकताले खस्कँदै गएको अर्थतन्त्रलाई लयमा फर्काउने र जनतामा नयाँ आशा जगाउने गरी बजेट आउने छ भन्ने कुरामा आशावादी बन्नुपर्दछ भन्ने मलाई लाग्दछ ।

अध्यक्ष महोदय, भनिन्छ सिद्धान्त सधैं शुद्ध तर व्यवहार भने बिटुलो हुन्छ । सिद्धान्तका कुरा गर्न सजिलो हुन्छ तर त्यही सिद्धान्तलाई व्यवहारमा उतार्ने कुरा निकै जटिल हुन्छ । माननीय अर्थमन्त्रीज्यूले निर्धारण गर्नुभएका आगामी बजेटका सिद्धान्त र क्षेत्रगत प्राथमिकताका आधारमा बजेटमार्फत आउने कार्यक्रम र ती कार्यक्रमहरूमा विनियोजित हुने रकमले नै अन्ततः हाम्रो अपेक्षा र राष्ट्रका आवश्यकता एवम् सरकारको स्पिरिट स्पष्ट पार्दछ । त्यसैले आगामी आर्थिक वर्ष २०८०/०८१ को बजेट हाम्रो संविधानले परिभाषित गरेको समाजवाद उन्मुख राष्ट्रको जग हाल्ने गरी र शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र खाद्य सम्प्रभुतालगायतका जनताका मौलिक हकहरूको ग्यारेन्टी गर्दै आउन सकोस् । संघीय प्रणालीमाथि नै प्रश्न उठाउनेहरूलाई बजेटले गतिलो झापड दिन सकोस् । शान्ति प्रक्रियाका बाँकी काम पूरा गर्न सकोस् । प्राथमिकताको पहिलो बुँदामा राखिएको कृषि क्षेत्रको प्रवर्दन हुने गरी र किसानहरूलाई प्रोत्साहित र उत्साहित गर्दै कृषि उत्पादित वस्तुको आयातलाई प्रतिस्थापन गर्ने र निर्यात बढाउनका साथै कृषि क्षेत्रलाई यान्त्रिकीकरण, आधुनिकीकरण र औद्योगिकीकरण गर्दै व्यापक मात्रामा रोजगारी सिर्जना गर्न सकिने स्थिति पैदा होस् ।

अध्यक्ष महोदय, सांस्कृतिक रूपान्तरणको प्रश्न पनि हाम्रो समाजको सन्दर्भमा निकै पेचिलो देखिएको छ । सामन्तवादी राजनीतिक प्रणालीको अन्त्य भए पनि सांस्कृतिक रूपमा सामन्तवाद जबर रूपमा खडा छ । सामन्तवादले खडा गरेको जातपात, छुवाछुत, विभेद, अन्धविश्वास, कुरीति र कुसंस्कारले समाजलाई गाँजिरहेकै छ । र यसबाट समाजलाई मुक्त गराउने स्पिरिटका साथ प्राथमिकतामा विषयहरू आएका छन् । ठोस कार्यक्रम र नियमित अनुगमनको व्यवस्था गर्ने गरी बजेट आउन सकोस् । बजेटका सिद्धान्त र प्राथमिकतालाई दह्रोसँग आत्मसाथ गर्दै आगामी बजेट आउने कुरामा आशावादी बनौं । हवस् त ..... ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय ईन्दु कडरिया । समय ५ मिनेट । त्यसपछि माननीय भैरव सुन्दर श्रेष्ठ ।

(१२:२६ बजे) **मानानीय श्री ईन्दु कडरिया (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, आज हामी नेपाल सरकारको तर्फबाट माननीय अर्थमन्त्री डाक्टर प्रकाशशरण महतज्यूले प्रस्तुत गर्नुभएको विनियोजन विधेयक, २०८० का सिद्धान्त र प्राथमिकतासम्बन्धी सम्बन्धमा छलफल गरिरहेका छौं ।

जम्मा ३१ बुँदामा समेटिएको सरकारको नीति सिद्धान्त र प्राथमिकता सरसर्ती हेर्दा धेरै कुरा समेटिएका छन् तर प्राथमिकता छुट्याउन अझै अलमलमा परेको देखिन्छ । बाह्य र आन्तरिक कारणले अर्थतन्त्र दबाबमा परेको छ भनिएको छ । चालु आर्थिक वर्षमा उत्पादन व्यापार निर्माण क्षेत्रमा सुस्तता आएको । लक्ष्यअनुरूप राजस्व सङ्कलन नभएको, साधारण खर्च बढेको, आयोजना कार्यान्वयन कमजोर रहेको, आर्थिक वर्षको अन्त्यमा खर्च गर्ने प्रवृत्ति बढेको, सरकारको वित्त सन्तुलनमा चाप परेको अवस्थमा रहेको भनी सरकारको असक्षमता सरकारले नै बुँदा नम्बर २ मा मार्फत स्वीकार गरेको अवस्था आउनु दुःखत् छ । यो अवस्था किन आयो? यो गठबन्धन सरकारको प्राथमिकता अन्तै छ । कसरी सरकार टिकाउने भन्नेमा नै सिमित छ । जनताको प्राथमिकता एकातिर छ । उनीहरूको जीवन कष्टकर बन्दै गइरहेको छ ।

र सरकारको आगामी वर्ष नीति कार्यक्रममार्फत सीमान्तकृत समुदायलाई पहिलो प्राथमिकतामा राखेर आगामी वर्षको बजेट निर्माण गर्नुपर्दछ । एकातिर अर्थतन्त्र दबाबमा छ भनिएको छ भने । बुँदा नम्बर ४ मा विदेशी विनिमय सञ्चिति विप्रेषण, पर्यटन, बैङ्किग तरलतालगायत सूचकमा सुधार आएको भनेर अमुक भाषा राखिएको छ । कसरी पत्याउने? सरकारले यस सम्मानित सदनमा, सदनसमक्ष सुधारका सूचाङ्कमा बोल्नुपर्ने होइन र? त्यसपछि पत्याउन सजिलो हुने थियो । आर्थिक क्रियाकलापमा सुधार ल्याई अर्थतन्त्रलाई लयमा फर्काउनका लागि राजस्व परिचालनमा सुधार, पूँजीगत खर्चमा बृद्धि, अनुउत्पादन क्षेत्रको खर्च कटौती र साधारण खर्च गर्ने भनिएको जुन स्वागत योग्य छ ।

दिगो विकास, दिगो र फराकिलो एवम् समावेशी आर्थिक बृद्धि हासिल गर्न र अर्थतन्त्रलाई लयमा फर्काउन केही कठोर कदम चाल्नुपर्दछ । आयातमुखी अर्थतन्त्रलाई कसरी निर्यातमुखी बनाउने भन्नेतिर विशेष ध्यान दिनुपर्दछ । विशेष ध्यान दिन जरुरी छ । विशेष, विदेशी सामान आयात गरेर त्यसमा लगाइएको ट्याक्सले देशको अर्थतन्त्र बलियो बनाउने नीतिले देश कहिले पनि समृद्ध हुन सक्दैन । युवाहरूले श्रम गरेर खाडीमा कमाएको पैसा सामान्य घरायसी सामान, खानेकुरा, लुगाफाटो, मोबाइल, टिभीलगायत सामानमा किन्न पुनः पैसा विदेशतिर फर्कने गरेको छ । सामान्य घरायसी रूपमा खपत हुने सामान पनि देशले उच्च उत्पादन गर्न नसकेर आयात गर्ने । अनि त्यसैमा ट्याक्स लागेको पैसाले देशको राजस्व सङ्कलन

बढ्ने यो अवस्था कहिलेसम्म रहन्छ? तबसम्म देश आत्मनिर्भर बन्न सक्दैन । आगामी बजेटले घरायसी सामानको उत्पादन देशमै हुने र खानेकुरा, लत्ताकपडा विदेशबाट ल्याउन निरुत्साहित गर्ने नीति लिनुपर्दछ । रेमिट्यान्सलाई पूँजी निर्माणमा लगाउने गरी आगामी बजेटमा सम्बोधन होस् भनी म अध्यक्षमार्फत नेपाल सरकारको ध्यानाकर्षण गराउन चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, अर्थतन्त्रलाई लयमा फर्काउने अर्को पाटो कृषि क्षेत्र हो । कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धिले देश आत्मनिर्भरतर्फ गराइने छ भनेर अर्थमन्त्रीज्यूले प्रस्तुत गर्नुभएको छ । तर देशको कृषिको अवस्था फरक छ । देशको कृषि विकासको नीति र रणनीतिक सम्पूर्ण असफल छन् । भारत वा चीनले अर्को कुनै एक खाद्य वस्तुमा रोक लगाउने बित्तिकै देशमा हाहकार मच्चिने अवस्था छ ।

अहिले युवा पलायन हुने र गाउँको जग्गा बाँझो रहने साथै पहाड त करिब करिब खालि हुने डर लाग्दो अवस्था आएको छ । सरकारको गलत नीति र असमानुपातिक, समानुपातिक विकास नहुँदा पछाडि वस्ती खालि हुने । पहाडी वस्ती खालि हुने अवस्था आएको छ । पहाडमा कृषि कर्म गर्न श्रमिक नहुने, उत्पादनभन्दा खर्च बढी हुने, भएको उत्पादनले बजार नपाउने खेती गर्न महङ्गो हुने र जग्गा बाँझो रहने अवस्था आएको छ । खालि भएका वस्तीहरूमा ठुला कृषि फर्म सञ्चालन गर्न प्रोत्साहन हुनेतिर बजेट ल्याउनुपर्दछ । पहाडमा जग्गा सुहाउदो खेती बाली र पशुपालनमा जोड दिँदा उत्पादन लागत सस्तो पर्न जान्छ । तसर्थ पहाडलाई पुनः निर्माण हुन, पुनः निमार्ण दिनेखालको सरकारले बजेट नीति र कार्यक्रम ल्याउनुपर्छ । भनेर सरकारलाई यो बजेटले चाहिँ यो पहाडी जुन पहाडी जिल्लाहरूमा छन् । पहाडीका बाँझा जमिनहरू छन् । त्यस्ता बाँझा जमिनहरूमा सरकारले एउटा फर्महरू खोल्ने र त्यस्ता फर्महरूबाट उत्पादन हुने खालको नीति ल्याउनुपर्छ र त्यस्ता बाँझो जमिनहरूलाई चाहिँ उत्पादनमा लगानी गर्दै गर्ने नीति सरकारले ल्याओस् भन्दै मेरा भनाइ यहीँ अन्त्य गर्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय भैरव सुन्दर श्रेष्ठ । समय ८ मिनेट । त्यसपछि माननीय हरि राम चौधरी ।

**(१२:३२ बजे) <u>माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्षज्यू, हामी माननीय अर्थमन्त्रीज्यूले पेस गर्नुभएको विनियोजन विधेयक, २०८० का सम्बन्धमा सिद्धान्त र प्राथमिकताका विषयमाथि हिजो र आज दुई दिन हामी छलफल

गरिरहेका छौं । धेरै माननीयज्यूहरूले जुन चिन्ता जाहेर गरेर यो बिग्रिएको बजेटलाई अथवा यो आर्थिक अवस्थालाई कसरी सुदृढ गर्ने भन्ने विषयमाथि आफ्नो महत्त्वपूर्ण कुरा राखुभ'को छ । ती महत्त्वपूर्ण कुरातर्फ मेरो पनि समर्थन रहेको छ ।

माननीय अर्थमन्त्रीज्यूले पेस गरिएको त्यो सिद्धान्त र प्राथमिकता जसरी आएका छन् । त्यसपछि सरकारको र नीति कार्यक्रमले कुराहरूलाई कति समेट्ने हो । पछि सरकारको नीति र कार्यक्रम आइसकेपछि त्यो कुरालाई कार्यान्वयन गर्नको निम्ति जब सरकारले बजेट ल्याउने छ । ती बजेटहरूले कसरी यी सबै कुराहरूलाई सम्बोधन गर्ने हुन् हेर्न चाहिँ बाँकी नै छ । तर पनि यो निबन्धजस्तो लाग्ने हेर्दाखेरि धेरै कुराहरू यसमा लेखिएका छन् । यसको कार्यान्वयन फेजमा जाँदाखेरि पचासौं खरबले पनि नपुग्ने खालका धेरै क्षेत्रहरूलाई ओगट्दा धेरै क्षेत्रहरूलाई सम्बोधन गर्दा खोज्दा यस्ता किसिमको समस्या आउने गर्छ ।

र माननीय अर्थमन्त्रीज्यूले यो विनियोजन सिद्धान्त र प्राथमिकताहरूलाई चारओटा चरणमा राखुभ'को छ । पहिलो चरणमा केही कुराहरू राखुभ'को छ । दोस्रो चरणमा सिद्धान्तका कुराहरू तेस्रो चरणमाथि प्राथमिकताहरू र लास्टमा चारओटा बुँदामाथि आफ्ना प्रतिबद्धताहरू । सुरुमै वहाँले भन्नुभ'को छ कि विभिन्न कारणले नेपालको यो अर्थतन्त्रमाथि एक खालको दबाब आयो जसले गर्दाखेरि अर्थतन्त्र जसरी अगाडि बढ्नुपर्ने थियो । त्यसअनुसार हुन सकेन भनेर स्विकार्नु भ'को छ । त्यसअनुसार चाहिँ लक्ष्यमाथि जुन हामीले एजम्सन अथवा लक्ष्य जुन हामीले निर्धारण गरेका थियौं । त्यसअनुसार लक्ष्य राजस्व परिचालन हुन सकेन भन्ने  कुरा पनि वहाँले राखुभ'को त्यसै गरी राजनीतिक ऋणको दायित्व चाहिने सार्वजनिक ऋणको दायित्व बढ्दै ग'को कुराहरू पनि राखुभ'को छ । आयोजनाको प्राथमिकीकरण नभ'को कुरालाई पनि राखुभ'को छ । साधन स्रोतको यो छरिने गरी विनियोजन गरिएको कारणले पनि त्यो कुरा पनि उल्लेख गर्नुभ'को छ । आर्थिक वर्षको अन्त्यतिर खर्च हुने परम्परा यथावत छ भनेर समीक्षात्क चालु आर्थिक वर्षको कुराहरूलाई समाष्टिगत रूपमा राखुभ'को छ ।

यसअनुसार चाहिने अब यो आगामी वर्षको कार्यक्रममा धेरै केही कुराहरू आउँछन् कि भन्ने मलाई लागिरहेको थियो तर पनि थुप्रै ठाउँमा अब यो गरिने छ । हुने छ । लगिने छ । त्यस्ता अमूर्त कुराहरू यस्तो गर्ने छु भन्ने खालको जसरी पछाडिका चारओटा बुँदाहरूमाथि वहाँले स्पष्टसँग भन्नुभ'को छ । त्यो हामी यो वर्षको आगामी वर्षको बजेट आइसकेपछि हामी त्यसमा हेर्ने नै छौं तर पनि के हो भने हाम्रो देशको सीमित साधन स्रोत राजस्व परिचालनले जुन खालको लक्ष्य निर्धारण गरेको थियो । त्यसअनुरूप लक्ष्यअनुरूप राजस्व सङ्कलन नभैसकेपछि थुप्रै कुराहरूलाई यसले असर पुऱ्याएको छ भन्ने कुरा हामी सबैले बुझेकै छौं र यो अहिलेको चालु

आ.व. को बजेटलाई विनियोजन गर्दाखेरि एकदम छरिएर विनियोजन गरियोस् जसले गर्दाखेरि उपलब्धिहरू हामीले हासिल गर्न सकेनौं भन्ने खालका कुराहरूलाई राख्नुभ'को छ तर आफूले पेस गरेको जुन आगामी वर्षको बजेट कस्तो हुने छ भन्ने विषयमाथि फेरि अरू बुँदाहरूमाथि जब प्राथमिकता क्रम निर्धारण गरिन्छ । त्यसतर्फ जाने हो भनेपछि फेरि योभन्दा पनि अझै छरिएर ल्याउने खालको बजेट त्यस्तो हुन्छ कि भन्ने हामीलाई लागिरहेको छ ।

र अब यो राजस्व जसरी परिचालन हुनुपर्ने थियो । त्यसअनुरूप राजस्व सङ्कलन नभए पनि र हामीले जुन खालको लक्ष्य निर्धारण गरेर यी पुँजीगततर्फ यति खर्च गर्छौं भनेर हामीले भनेका चाहिँ थियौं । त्यो पुँजीगत बजेट अहिलेसम्मको अवस्था हेर्दाखेरि ३१ पर्सेन्टभन्दा पनि बढी भ'को चाहिँ छैन । यो वैशाख १५ गतेसम्मको रेकर्ड हो र आर्थिक वृद्धि दर भनेको हामीले करिब ८ पर्सेन्टसम्म पुऱ्याउँछु भन्ने खालको कुराहरू लक्ष्य गरेका थियौं ।

**(१२:३७ बजे)** **<u>पुनःपीठासीन</u>**ः सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिना ।

**<u>माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- तर पछि सुधार गरेर ५ पर्सेन्ट या ४ पर्सेन्ट हामी त्यहाँसम्म आर्थिक वृद्धि दर हुन्छ भनेको थियो तर अहिले राष्ट्रिय तथ्याङ्क चाहिँ कार्यालयले के भनेको छ भन्दाखेरि अघि माननीयज्यूहरूले ३ पर्सेन्ट ४ पर्सेन्ट त भन्नुभो' तर त्यो राष्ट्रिय तथ्याङ्क कार्यालयले वान पोइन्ट एट सिक्स पर्सेन्ट अर्थात् एक पोइन्ट छयासी पर्सेन्ट सर्सर्ती भन्दाखेरि आर्थिक वृद्धि दरको कुराहरू यसले हुन्छ भन्ने कुरा स्विकारेको देशको हातल यो अवस्था छ । आखिरी यो हाम्रो देशको बजेट किन खर्च हुँदैन । यसका जटिलताहरू के हुन् त? कानुनी समस्याका कारणले यो बजेट खर्च नभएको हो कि । कर्मचारीको अभावले यो बजेट खर्च नभएको हो कि । यता समयमा निकासा नभैदिएर यो बजेट खर्च नभएको हो । या त तल ग'को बजेट या सङ्घबाट परिचालन हुने बजेटको ठेक्कापट्टाहरू समयमा नभैदिएर खर्च नभ'को चाहिँ हो । किन ३१ पर्सेन्ट मात्रै हुन् गयो?

वास्तवमा के हो भने मैले अस्ति पनि बोल्ने क्रममा भनेको थिएँ । यो सबैभन्दा विकासको बाधकको रूपमा रहेको भनेको सार्वजनिक खरिद ऐन हो । सार्वजनिक खरिद ऐनलाई जसरी परिमार्जन गरेर संशोधन गरेर सदनसमक्ष ल्याइनुपर्दथ्यो । त्यो सार्वजनिक खरिद ऐनलाई अहिलेसम्म सरकारले त्यसलाई बेवास्था गरिरहेको छ । मञ्च उभिएर कार्यक्रममार्फत सार्वजनिक ऐन खरिदलाई यही सदनमार्फत यही अघिल्लो तेह्रौं अधिवेशनमा हामी ल्याउने छौं भन्ने कुरा राखेको थियो तर अहिलेसम्म पनि आउन सकेको छैन र त्यहाँनिर के हो देखिन्छ भन्दाखेरि

सार्वजनिक खरिद ऐनका धेरै प्रावधानमा प्रवेश गर्न चाहन्नँ । त्यसमा उल्लेख भएका कुराहरूअघि माननीयज्यूहरूले भनिसक्नुभ'को त्यसबाहेकको कर्मचारी या ठेकेदार या त्यससँग जोडिएका हामी राजनीतिककर्मीहरू जो ठेकेदारहरूलाई ठुल्ठुला अङ्कमाथि प्रतिस्पर्धा हुन्छ । त्यो प्रतिस्पर्धा हुने क्रममा केही निश्चित ठेकेदारहरूलाई पीक्यू त्यस्तो लाइसेन्सजस्तो पीक्यू वहाँहरूले पाउनुभ'को हुन्छ । र सिधै नीतिगत भ्रष्टाचार के हुन्छ भन्दाखेरि कुल अङ्कको टेन पर्सेन्ट एभोब रेट हाल्ने यो खुलेआम भ्रष्टाचार भ'को छ । बरु कुनै पनि ठेकेदारले समयमा काम सक्छ भने उसलाई बोनस दिने कुराको विषयमाथि ल्याइनुपर्दछ तर एभोब रेट हाल्ने कुराहरू १ अरबको ठेक्का भ'को भनेपछि १० करोड त्यो उसले के हाल्छ भन्दा अधिकतम बिल अथवा त्यो रेट हालेर ठेक्का स्वीकृति गर्छ । त्यही जुन एभोब रेट आउँछ । त्यही एभोब रेटबाट आ'को मुनाफा हो । त्यो मुनाफा अब कर्मचारीले बाड्ने हो कि । ठेकेदारले खाने हो कि त्यसको त्यो निर्णय प्रक्रियामा सामिल हुने राजनीतिक नेतृत्वले खाने हो । त्यो यसरी नेपालमा खुलेआम भ्रष्टाचार गर्ने गरिएको छ । त्यो भ्रष्टाचार न्यूनीकरण गर्नका निम्ति सरकार सबल हुन पर्छ तर सरकार सबल भ'को चाहिने छैन । त्यसको निम्ति दुरदर्शी नेतृत्व चाहिन्छ । त्यसको निम्ति राजनीतिक स्थायित्व चाहिन्छ । स्थिर सरकार पनि चाहिन्छ । सरकारको स्थायित्व हुन पर्छ । त्यसैसँग बलियो पार्टी भएपछि मात्रै यी सबै कुराहरूलाई हामी प्राप्त गर्न सक्छौं तर अहिले हामी देखिरहेका छौं भन्न त यहाँ धेरै कुराहरू भनेका छन् तर दसतिर फर्केका पार्टीहरूको सरकार छ । जसले गर्दाखेरि पनि जति सुकै राम्रो बजेट ल्याउँछु भनेर लेखेर दिए पनि त्यो बजेट राम्रो ..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय हरि राम चौधरी । समय ७ मिनेट ।

**(१२:४० बजे)** **<u>माननीय श्री हरि राम चौधरी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी)</u>**:- सम्माननीय अध्यक्ष महोदय, २०८० को सिद्धान्त र प्राथमिकता अहिलेको बजेटमा हामी अहिले छलफलमा सहभागि भएका छौं । निश्चित रूपमा अहिले २०८० को यो बजेट सिद्धान्त र प्राथमिकतामा हामीले छलफल गर्दै गर्दाखेरि हाम्रो देशमा अहिले विशेष गरेर चाहिँ आर्थिक क्राइसेसको निकै ठुलो चाहिँ बहस आम नेपाली जनतामा चलिरहेको छ । नेपालको वित्तीय क्षेत्रदेखि लिएर व्यावसायिक क्षेत्र र समग्र नेपाली जनताहरू अहिले हामी एउटा आर्थिक क्राइसेस अथवा अहिले हामी निकै ठुलो चाहिँ देशको अर्थतन्त्र तहसनहस अवस्थामा छ भनेर आम नेपाली जनताहरू त्रसित रहेको अवस्था स्वभाविक रूपमा अहिले रहेको छ । र सम्भवत् अहिले हामी

त्यही विषयमा सिद्धान्त र प्राथमिकता र अहिलेको २०८० को बजेटमा हामी पहिलो चरणको यो छलफल प्रि बजेटको छलफलमा हामी सहभागि हुँदै गर्दाखेरि अहिले आमनेपालीको अपेक्षा र देशमा रहेका चालिस लाखभन्दा बढी चाहिँ व्यावसायीहरूदेखि लिएर हरेक कृषि उद्यमिदेखि लिएर उद्योग कारखानाका व्यावसायीहरूले नेपालको बजेट अबको यो परिस्थितिमा कस्तो आउला भनेर स्वभाविक रूपमा सबैको ध्यान नेपाल सरकारप्रति अथवा आफ्नो एउटा देशको अहिलेको चाहिँ अर्थतन्त्रको एउटा बहस स्वाभाविक रूपमा देशको ध्यानआकर्षित भएको स्वभाविक रूपमा छ ।

र अहिलेको बजेट कुनै न कुनै ढङ्गले राम्रो आओस् भन्ने चाहना सबै आम नेपालीमा रहेको देखिन्छ । त्यसकारणले गर्दाखेरि अहिलेको यो २०८० को बजेट विशेषत् हामी धेरै ठुलो आर्थिक सङ्कटबाट अगाडि गुज्रि रहेको बेलामा देशको अर्थतन्त्र र अहिलेको नयाँ युवा पुस्ताको र नेपालको अहिलेको राजनीतिक परिस्थितिलाई हेर्ने हो भने नयाँ परिस्थिति र नयाँ आवश्कयताको माग अहिलेको युवा पीडिहरूले मागिरहेको अवस्था छ । र हाम्रो देशमा अहिलेको यो अर्थतन्त्रको जो क्राइसेस जो देखिरहेको छ । यसलाई हामीले ड्राइभ गर्नको लागि स्वभाविक रूपमा अब पुरानै ढङ्गको यसभन्दा अगाडिका बजेटको आधारबाट हामीले चाहिँ अहिलेको बजेट हामी बनाउनेतिर गयौं भने हाम्रो देशको अर्थतन्त्र सुधार उन्मुख होला जस्तो मलाई लाग्दैन ।

अहिले हामीले देखिरहेका छौं । गाउँको हरेक टोल, छरछिमेकदेखि लिएर सहरका हरेक चाहिँ सव्य अथवा चाहिँ विज्ञ चाहिँ होइन विद्धवान युवाहरूदेखि लिएर हरेक व्यवसायीहरू अहिले देशलाई छोडेर अन्यत्र मुलुक आफ्नो चाहिँ रोजगारीको लागि जान बाध्य भइरहेको अवस्था छ । र यो सिचुएसनमा यो देशको अर्थतन्त्र हामीले परम्परागत ढङ्गले हिजोका चाहिँ पुस्तकहरूलाई मात्र अध्ययन गरेर यदि हामी बजेट निर्माणतिर हामी गयौं भने हाम्रो बजेट बन्दैन । किन कि अहिले हाम्रो मुलुक मात्र होइन । सन्सार एउटा क्राइसेसमा छ । नेपाको अर्थतन्त्र हामीले अहिलेसम्म देखेका छौं । केवल चाहिँ भिख मागेर मात्रै चाहिँ होइन हाम्रो देशको अर्थतन्त्र अथवा यो देशको चाहिँ बजेट निर्माण भएको हामीले देखेका छौं । मलाई लाग्छ हामी कति दिनसम्म अब अरु देशसँग चाहिँ होइन भिख मागेर हाम्रो देशको अर्थतन्त्र बनाउने? अथवा हाम्रो देशको बजेट बनाउने यो कुरामा हाम्रो अहिलेको अर्थमन्त्रीज्यूदेखि लिएर अहिलेको सरकारको नेतृत्व गर्ने हरेक मन्त्री र देशले यो सोंच्ने बेला भएको जस्तो लाग्छ ।

त्यसकारणले गर्दाखेरि हाम्रो सिद्धान्तगत रूपमा हाम्रो देशको अर्थतन्त्र निर्माण गर्नको लागि यहीका ढुङ्गा, माटो, बालुवा र देशमा रहेका तीन करोड नेपालीहरूले नै यो देशको अर्थतन्त्र कस्तो हुनुपर्छ भन्ने उनीहरूबाटै हामीले सोंच्ने सुरुवात हामीले कुन दिनदेखि गर्ने? । हामीले अहिले विश्व मागेर चाहिँ होइन हाम्रो देशको चाहिँ होइन आर्थिक व्यवस्था हामी निर्माण गर्न

चाहिरहेका छौं । बजेट निर्माण गर्न चाहिरहेका छौं । मैले अहिलेसम्म चार पाँच वर्षसम्म हेरेको मैले आफ्नो ठाउँबाट हेरेको बजेट भाषणलाई हेर्ने हो भने विदेशबाट आएका अर्थतन्त्रलाई मात्र मध्यनजर गरेर देशको आर्थिक निर्माण अथवा बजेट निर्माणको चाहिँ होइन विशेष जोड देखिन्छ । मलाई लाग्छ बजेट निर्माण अब हामीले हाम्रो देशबाट सुरु गरौं । हाम्रै देशको ढुङ्गा, माटो, बालुवालाई हामीले कसरी प्रयोग गर्ने? नेपालका चाहिँ तीन करोड नेपालीलाई कसरी चाहिँ परिचालन गर्ने? नेपालमा रहेका चालिस लाखभन्दा अधिक व्यापारीहरू अहिले रोइरहेका छन् । उनीहरूलाई हामीले कसरी मोविलाइजेसन गर्ने? बैङ्कमा रहेको अहिले, अहिले जुन पूँजी हामले जो परिचालन गर्न सक्या छैनौं । १६ पर्सेन्ट, १७ पर्सेन्ट ब्याजका कारणले गर्दाखेरि मान्छेले आफ्नो ती कारणले गर्दाखेरि ती पूँजीलाई चाहिँ होइन कुनै पनि व्यावसायीले चलाउन चाहिरहेको छैन । परिचालन गर्न चाहिरहेको छैन । हामीले परिचालन हुने वातावरण कसरी बनाउन सक्छौं? हामीले त्यतातिर केन्द्रित भएर अहिलेको बजेट निर्माण प्रक्रियालाई अगाडि बढाएम भने हाम्रो देशको अर्थतन्त्र सुधार उन्मुख भएर अगाडि बढ्छ जस्तो मलाई लाग्छ ।

र मैले विशेष गरेर चाहिँ प्राथमिकतामा अहिलेको यो बजेटलाई यसो हेर्दै जाँदाखेरि सिद्धान्त र प्राथमिकतालाई हेर्दै जाँदाखेरि आफ्नो ठाउँमा यसलाई चाहिँ होइन राम्रो ल्याउन प्रयास गरेको देखिन्छ । तर पनि अहिले प्राथमिकतामा चाहिँ विशेष गरेर कृषि, पर्यटन, उद्योग, कलकारखानादेखि चाहिँ यहाँको जल, जङ्गल, जमिनलाई हामीले कसरी उपयोग गर्ने? भन्ने कुरामा हाम्रो प्राथमिकता अहिलेको चाहिँ यो बजेटको चाहिँ विनियोजन विधेयक, २०८० को सिद्धान्त र प्राथमिकतालाई विशेष जोड दिएर अगाडि बढ्नुपर्छ । हामी अब अरु मुलुकतिर र अरु देशतिर हामीले मुख ताक्ने बेला अब हराएको छ । अहिले दुनिया सबै चाहिँ क्राइसेसमा छ । यो सिचुएसनमा हामीले हाम्रो देशमा रहेको हरेक चिजलाई कसरी मोविलाइजेसन गरेर परिचालन गरेर त्यसलाई विश्व बजारमा हामीले कसरी चाहिँ होइन पुऱ्याउन सक्छौं? हाम्रो ध्यान त्यतातिरबाट चाहिँ होइन सोंच्न सुरु गर्नुपर्छ जस्तो मलाई लाग्छ । यी नै कुराहरू राख्दै म बिदा हुन्छु । हवस्त, धन्यवाद ।

(१२:४६ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, "आर्थिक वर्ष २०८०/०८१ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्ताव बाहेक) सम्बन्धमा सभामा छलफल गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय अर्थमन्त्री डा. प्रकाशशरण महतलाई आर्थिक वर्ष २०८०/०८१ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्ताव बाहेक) सम्बन्धी छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

(१२:४८ बजे) **माननीय अर्थमन्त्री डा. प्रकाशशरण महत**ः- सम्माननीय अध्यक्ष महोदय, विनियोजन विधेयक, २०८० का सिद्धान्त र प्राथमिकताका सन्दर्भमा भएको छलफलमा भाग लिनुहुने यस सभाका सबै माननीय सदस्यहरूलाई म सर्वप्रथम सम्माननीय अध्यक्ष महोदयमार्फत धन्यवाद दिन चाहन्छु ।

हामीलाई थाहा छ कुन परिवेशमा हामीले यो बजेट प्रस्तुत गर्दै छौं । यस विषयमा यहाँहरूले सार्वजनिक महत्त्वको प्रस्तावमा छलफल गरिरहँदा पनि मैले त्यस विषयमा निवेदन गरेको थिएँ । र यो विनियोजन विधेयक, २०८० का सिद्धान्त र प्राथमिकताहरूलाई पनि तिनै छलफललाई मध्यनजर राखेर र देशको अर्थतन्त्रको वर्तमान स्थितिलाई मध्यनजर राखेर नै मैले सरकारको तर्फबाट २०८० का सिद्धान्त र प्राथमिकताहरू प्रस्तुत गरेको छु । यद्यपि, अर्थतन्त्रमा समस्या देखिएका छन् । त्यसलाई मैले स्वीकार गरेको छु । अहिलेसम्म जति पनि प्राथमिकता र सिद्धान्तका विषयलाई लिएर हरेक बजेट प्रस्तुत भए, यी समस्याहरू छन् भनेर सुरु गरेको थिएन । मैले त्यसलाई स्वीकार गरेर सुरु गरेको छु । र त्यसकै आधारमा अब हाम्रो गन्तव्य कतातिर जान्छ? कसरी जान्छ? भन्ने कुरा पनि मैले निवेदन गरेको छु ।

यहाँ माननीयजीहरूले महत्त्वपूर्ण सुझाव, महत्त्वपूर्ण प्रश्न, जिज्ञासा राख्नुभएको छ । कतिपय मैले राखेका सिद्धान्त र प्राथमिकताको विषयमा यहाँहरूले सहमति जनाउनुभएको छ । कतिले जिज्ञासा प्रकट गर्नुभा'को छ र कतिले त्यहाँ प्रश्नन उठाउनुभा'को छ । यो गर्न सक्छौं या भन्छौं मात्रै? भन्ने कुरा उठाउनुभा' छ? त्यसलाई मैले स्वाभाविक रूपमा लिएको छु । यो सम्माननीय सदनको जिम्मेवारी नै त्यही हो । प्रश्न उठाइरहने । किनकि हामीमा पनि केही समस्याहरू छ । हामीले कतिपय कुराहरू हिजोको दिनमा बोल्यौं, प्रतिबद्धता गयौं, ती प्रतिबद्धताहरू हामीले पूरा गर्न सकेका छैनौं । फेरि हामीले प्रतिबद्धता गर्दा यो सिद्धान्त र प्राथमिकताका आधारमा अगाडि बढ्छु भन्दा स्वाभिक रूपमा हिजो पनि भनिएको थियो, आज पनि त्यही त होइन? भनेर प्रश्न गर्नु स्वाभाविकै हो । यहाँको खबरदारी, यहाँको जिज्ञासा, यहाँ सुझावलाई म उच्च महत्त्व दिन्छु ।

अध्यक्ष महोदय, अध्यक्ष महोदयमार्फत म यहाँ माननीय सांसदहरूले उठाउनुभएका केही महत्त्वपूर्ण विषयमा म त्यस विषयमा उठेका जिज्ञासा र प्रश्नलाई म सम्बोधन गर्न चाहन्छु ।

सुरुमै हाम्रो दिल कुमारी रावलजीले, रावलजीले राख्नुभ'को छ, पोहोर साल, यो यही साल यो अहिले चलेको आर्थिक वर्ष छ । ८ प्रतिशत आर्थिक वृद्धि भन्नुभयो । तर अहिले 2.16 percent छ । अब कसरी फराकिलो आर्थिक वृद्धि सुनिश्चित हुन्छ? त्यसको आधार के हो? स्वाभिक प्रश्न गर्नुभा'को छ । मैले यो भनिरहँदा ८ प्रतिशत किन आउन सकेन? त्यसका विविध कारणको विषयमा पनि मैले संसदमा उल्लेख गरेकै छु । र त्यो आउनेवाला पनि छैन असारसम्ममा । यो ८ प्रतिशत आर्थिक वृद्धि हुनेवाला पनि छैन । त्यो हुन सक्दैन भन्दाखेरि मैले त्यसमा कुनै छुपाइरहनुपर्ने विषय पनि यो होइन । त्यसो हुनाले, तर यो, तैपनि यो फराकिलो आर्थिक वृद्धि किन हुन्छ? फराकिलो भनेको केही सीमित वर्गलाई मात्र हुने आर्थिक वृद्धि होइन, त्यो भनेको । फराकिलो भन्नेबित्तिकै Broadbased भनिन्छ । Inclusive, समावेशी भन्नेबित्तिकै त्यो एउटा समूह या वर्ग या जात या क्षेत्रमा सीमित हुँदैन । जति आर्थिक वृद्धि गरौंला, त्यो आर्थिक वृद्धि, त्यो Broadbase आर्थिक वृद्धि, Inclusive आर्थिक वृद्धि भनेको यो होइन कि, हामीले धेरै आर्थिक वृद्धि गर्छौं भनेर दाबी गरेको होइन । यसको मतलब यो हो कि जति आर्थिक वृद्धि आउँदो वर्ष सम्भव हुन्छ, त्यो कुरा त बजेटमा म भनुला नै । सम्पूर्ण आएको मूल्याङ्कन गरेर खर्च कसरी गर्छौं, कुन कन्डिसनमा छौं, त्यसको आधारमा कति प्रतिशतसम्म आर्थिक वृद्धि हुन सक्दछ भन्ने विषयमा म बजेट वक्तव्यमा त्यो राख्ने नै छु । तर म के भन्न चाहन्छु भने जुन हामी लक्ष्य राख्छौं त्यो कुनै एउटा वर्ग, समूहलाई मात्रै हुँदैन । त्यो सबैका लागि हुन्छ । त्यो हो Broadbased Inclusive, समावेशी र फराकिलो आर्थिक वृद्धि भन्या त्यही हो । त्यो कुरा यहाँहरूलाई म चैं निवेदन गर्न चाहन्छु ।

त्यस्तै गरेर अर्को प्रश्न स्वभाविक रूपमा उठेको छ । राजस्व घटेको छ, वैदेशिक सहायता पनि कम छ र वर्तमान विश्वको आर्थिक अवस्थाबाट देखिएको अवस्थामा बजेट कार्यान्वयनका लागि स्रोत कसरी जुटाउनुहुन्छ? यो एकदमै स्वाभाविक, स्वागतयोग्य प्रश्न छ । स्रोत जुटाउने समस्या छ । जब हाम्रो अहिले यो वर्षमा हामीले राजस्व जति जुटाउँछु भन्या थियौं, त्यो जुटाउन सकेनौं । खर्च पनि न्यून भयो, पुँजीगत खर्च पनि न्यून भयो । अब आउने वर्ष कसरी गर्छौं? भन्ने कुरा स्वभाविक प्रश्न हो ।

त्यस्तै गरेर चैं ब्याजदर ज्यादा छ । ..... छन् । जसले चैं ऋण लिएका छन् । कसरी सम्भव छ? भन्ने प्रश्न पनि यहाँहरूले गर्नु स्वभाविक हो । यसमा पनि म के भन्न चाहन्छु भने अवश्य पनि अहिले राजस्व घट्या छ । अवश्य पनि अहिले चैं पुँजीगत खर्च कम छ । त्यसले आर्थिक वृद्धि हाम्रो लक्ष्यअनुसार भएन, कम भयो । यो अवस्थामा अब कसरी यो अर्थतन्त्रलाई चलायमान गर्छौं त? भनेर भन्दाखेरि पहिलो कुरा अब हाम्रो पुँजीगत खर्चको प्रभाव बढानुपर्यो,

प्रभावकारिता बढाउनुपर्यो । हामीले स्वीकार गर्नुपर्छ । हाम्रो संयन्त्रमा ढिला सुस्ती छ । हाम्रो संयन्त्रमा उदासिनता छ र अन्तिम समयमा गएर मात्रै खर्च गर्ने प्रवृत्ति छ । त्यसलाई अन्त्य गर्नुपर्छ । Day 1 देखि, पहिलो दिनदेखि नै हामीले खर्चको monitoring, किन यो यसको तयारी भा'को छैन? महिना महिनामा त्यसको चैं monitoring गर्नुपर्छ । त्यसले हाम्रो पुँजीगत खर्चको प्रभाकारिता बढ्छ । जति हामीले खर्च गर्न सकौंला, हाम्रो राजस्वले भ्याएसम्म जुन हामी प्रक्षेपण गर्छौं विदेशी सहयोग, राजस्व, आन्तरिक ऋण । यो तीनवटा स्रोत हो । हामीले बजेटको स्रोत जुटाउने भन्या तीनवटा स्रोत छ । एउटा हाम्रो राजस्व, अर्को नेपालकै बैङ्कहरूबाट लिने ऋण र तेस्रो भनेको विदेशी अनुदान र ऋण, सहयोग । यो तीनवटाभन्दा चारवटा स्रोत छैन । यी स्रोतहरू परिचालन गर्दा त्यसका पनि सीमाहरू छन् । हामी जति पनि परिचालन गर्न सक्छौं भन्ने अवस्था छैन । जति त्यो परिचालन गर्छौं, त्यसलाई प्रभावकारी ढङ्गबाट हामी खर्च गर्छौं । प्रभावकारी ढङ्गबाट चैं खर्च गर्यौं, समयमा खर्च गर्यौं भने त्यो बजारमा, economy मा पुँजी प्रवाह हुन्छ । त्यो circulate हुन्छ । त्यसले उत्पादन बढाउँछ, त्यसले रोजगारी सिर्जना गर्छ, त्यसले चैं आम्दानी बढाउँछ । नम्बर १ ।

तर त्यतिले मात्रै हुन्छ? हुँदैन । ब्याजदर बढ्या छ नि भनेर प्रश्न गर्नुभा' छ नि । ब्याजदर बढ्या छ । ब्याजदर बढ्दाखेरि चैं लागतको लागत बढ्यो । लागत बढेपछि त्यो profitable भएन । कुनै पनि लगानी profitable नभएसी कसैले पनि लगानी गर्न खोज्दैन । अहिले भ'को त्यही हो । अहिले ब्याजदर उच्च भएको हुनाले पहिला जसले low ब्याजदरमा ऋण ल्याथे, उनीहरूले पनि हिसाब किताब गडबडाए । तिर्न सक्या छैन । र अब लिन खोज्नेहरूले पनि पोसाउँदै पोसाउँदैन । त्यसकारण चैं लिन खोजिराख्या छैनन् । त्यसले चैं अर्थतन्त्रमा पुँजी परिचालन भइरा' छैन । सरकारको तर्फबाट पुँजी नै कम खर्च भा' छ, त्यहाँबाट नि कम परिचालन भो' । अर्कोतिर मौद्रिक नीतिबाट, बैङ्किङ सेक्टरबाट पुँजी परिचालन हुनुपर्ने कुराहरूमा पनि समस्या देख्या छ । त्यसकारण मैले अस्ति पनि निवेदन गर्या थिएँ कि मौद्रिक नीतिमार्फत पनि address हुनुपर्छ, सम्बोधन हुनुपर्छ । हामीले भनिराख्या छौं र मलाई चाँडै नै के विश्वास छ भने राष्ट्र बैङ्कले मौद्रिक नीति खुकुलो पार्छ । खुकुलो पारेपछि ब्याजदर घट्छ । ब्याजदर घटेपछि त्यो लागत कम हुन्छ । कुनै पनि बिजनेस, व्यापारमा जसले चैं ऋण लिन्छ, त्यसको प्रोजेक्टको लागि ऋण लिन्छ, त्यसको लागत कम हुन्छ र बिजनेस viable हुन्छ ।

त्यसकारणले यो दुइटा तरिकाबाट हामी अर्थतन्त्रलाई चलायमान पार्छौं र यो चलायमान भयो भने अवश्य पनि यो निराशाको जुन अवस्था छ । त्यो अन्त्य भएर एउटा सकारात्मक

सोचका साथ सबैले बन्द, व्यापार, उद्योग, व्यवसायमा सबै संलग्न हुन्छन् । त्यसले रोजगारी सिर्जना गर्छ र जुन अब यहाँ केही पनि हुँदैन । यहाँ रोजगारी पाउँदैन भन्ने समस्याको पनि केही न केही त्यसले सम्बोधन गर्छ । यसरी चाहिँ हामीले अर्को वर्षमा एउटा आशा जगाउने काम गर्न सक्दछौं भन्ने चाहिँ मलाई लाग्या छ ।

त्यस्तै गरेर अब यहाँ चाहिँ कमला पन्तजीले राजस्व चुवाहट रोकी लक्ष्यअनुरूप सङ्कलन गर्न प्रभावकारी उपायहरू किन अवलम्बन गरिएन भन्नुभा' छ । यद्यपि म दुई महिना अब एक महिना चानचुन भा'को छ म आ'को । सम्पूर्ण जिम्मा त मैले लिन सक्दिनँ तर पनि म के भन्न सक्दछु भने समग्रमा जुन अर्थतन्त्रमा विविध कारणले समस्या आयो । त्यसले पनि राजस्व वृद्धिमा समस्या ल्यायो जस्तोः कोभिडको बेलामा धेरै ठुलो पुँजी प्रवाह इजी मोनेटरी पोलिसी सहज मौद्रिक नीतिमार्फत पुँजी प्रवाह भयो । त्यसले अरू खाले समस्याहरू चाहिँ निम्ताए । अब reserve मा समस्या आउन थाल्छ अब अब चाहिँ मूल्य वृद्धि अथाह रूपमा बढ्न थाल्छ भनेर मौद्रिक नीतिलाई टाइट गरेर राष्ट्र बैङ्कले त्यसले गर्दाखेरि यो राजस्वमा पनि त्यसले प्रभाव पार्यो। जब अर्थतन्त्र शिथिल हुन्छ । आर्थिक गतिविधि कम भएपछि त त्यहीअनुसार राजस्व कम हुन्छ नि । यो पनि एउटा कारण थियो । अब पुँजीगत खर्च पनि प्रभावकारी बनाउने मौद्रिक नीतिबाट ब्याज घटाउनेबित्तिकै राजस्वको आधार पराकिलो हुन्छ र राजस्व हामी बढाउन सक्ने अवस्थामा पुग्छौं । त्यसैको आधारमा हामीले बजेटको लक्ष्य हामी निर्धारण गर्छौं र जहाँ चाहिँ चुवहाटको कुराहरू छन् । अवश्य पनि हाम्रो धेरैपटक छलफल भा' छ । त्यहाँ प्रधानमन्त्री र गृहमन्त्रीजीसँगै यही हुनुहुन्छ । र यो गृह मन्त्रालय र अर्थ मन्त्रालय मिलेर जहाँ चुवाहट हुन्छ त्यसलाई चाहिँ सक्त किसिमबाट हामी प्रस्तुत हुन्छौं भनेर भनेका छौं । त्यसमा सबैको सहयोगको अवश्यकता पर्छ ।

अब नारायणजीले भन्नुभा'को छ । अरू पनि धेरै साथीहरूले धेरै कुराहरू चाहिँ यहाँ उठाउनुभा' छ । हामी कार्यक्रम राम्रा बनाउछौं । योजना राम्रो हुन्छ । नीति पनि राम्रो हुन्छ । परिणाम देखिँदैन भन्ने कुरा आ'को छ । अवश्य पनि हाम्रो कार्यान्वयनमा समस्या छ । कतिपय कुराहरू हामी प्रतिबद्धता गर्न एकदमै फास्ट छौं । त्यसमा हामी कुनै हिच्किचाहाट गर्दैनौं । हामी स्रोत साधनको सीमितता के छ । हामी त्यसलाई मध्यजनर राख्दैनौं । त्यसले गर्दाखेरि धेरै कुराहरू राम्रा चिजहरू आउँछन् तर त्यो कार्यान्वयनमा देखिँदैन । हाम्रो उदासिनता पनि छ । ढिला सुस्ती पनि छ । कतिपय कुराहरू जुन प्राथमिकीकरण गरेर यथेष्ट अध्ययन गरेर काम गर्नुपर्ने हो त्यो पनि गर्दैनौं । त्यसले समस्याहरू आएका छन् तर यो समस्या हिजो थियो । आज सम्म छ भनेर सधैं रहिरहन्छ र त्यस्तै भैरहन्छ भनेर भन्नु पनि हामीले भएन ।

धेरै ठुलो उपलब्धि पनि यसबिचमा भा'को छ । ०४६ सालको परिवर्तनदेखि यहाँसम्म आइपुग्दाखेरि हाम्रो आर्थिक वृद्धि पनि भएको छ । पूर्वाधारको पनि विकास भएको छ । स्वास्थ्य, शिक्षाको पहुँच पनि बढेको छ, बिजिलीको पहुँच पनि बढेको छ, हुँदै नभा'को त होइन तर जति हामी गर्न चाहन्थ्यौं । त्यो चाहेअनुसार नभएको कुरा सत्य हो । त्यसमा हामी अवश्य पनि चनाखो हुनुपर्छ र इमानदारिताका साथ हामीले काम गर्नुपर्छ ।

अब, भगवती न्यौपानेजीले भन्नुभा' छ । आन्तरिक कारण र अन्तर्राष्ट्रिय कारण भन्नुभो' । त्यसमा मैले भन्न खोज्या के हो भने अन्तर्राष्ट्रिय तहमा पनि जुन अहिले चाहिँ युद्धको बादल छ । त्यसले गर्दाखेरि पेट्रोलियम प्रोडक्टको मूल्य वृद्धि भा'को छ । अहिले अलिकति घट्या छ । त्यसले पनि यहाँ दबाब पर्यो । त्यसै गरेर चाहिँ आन्तरिक तहमा त अर्थतन्त्रको यसै शिथिलता भ'को छ । त्यसले समस्या ल्याएको हो । जहाँसम्म ट्याक्सको विषयमा केही घराना पोस्ने काम हुन्छ कि । त्यो विश्वास गर्नुस् । कि कुनै पनि कुरा कसैलाई कुनै एउटा घरानालाई मध्यनजर राखेर फाइदा पुऱ्याउने काम गर्ने कुनै घरानालाई चाहिँ मध्यनजर राखेर नोक्सानी पुऱ्याउने त्यस्तो हुँदैन । समग्र जनतालाई केन्द्र विन्दुमा राखेर देशलाई केन्द्र विन्दुमा राखेर कुनै काम गर्ने हो । त्यसमा यहाँहरूले विश्वास गरिदिनुस् भन्ने मैले अनुरोध गर्न चाहन्छु ।

अब यहाँ प्रकाश पन्थजीले भन्नुभा' छ । यो बजेट छ, योजना छ, खर्च भएकै छ तर जीवनस्तर उठेन । जीवनस्तर उठ्दै नउठेको होइन । ०४६ साल अगाडिको कस्तो थियो । आधाभन्दा बढी जनसङ्ख्या त जुत्तै नलगाउने थियो नि हामीले बिर्सिन्छौं के मैले भने ०५२ सालमा ५४ वर्ष हाम्रो सर्दर आयु थियो । अहिले ७१/७२ वर्ष पुग्या छ । यतिकै त पुगेन होला नि । शिक्षा, स्वास्थ्य, सडकको पुहँच बिस्तार भा'को छ । जीवनस्तरमाथि उठ्या छ तर हामी यसबाट सन्तुष्ट छैनौं । म पनि छैन । बढी गर्नु छ । अहिले संसार मोबाइलमा देखिन्छ । सबैले अरूसँग कम्प्यर गर्छ । अरू देशमा यो भैसक्यो नि पहिला के भा' थियो । के स्थिति थियो । हामी कोही पनि त्यतातर्फ हेर्दैनौं । त्यसकारण हुँदै नभा' नेगेटिभ मानसिकता सबै खराब भयो । सबै बिग्रियो के पनि भा' छैन भन्ने भाष्यलाई पनि हामीले रिइन्फोर्स भएन । भा'को छ तर पुग्या छैन । यतिले पुग्दै सन्तुष्ट हुने ठाउँ छैन भन्नेतिर अगाडि बढौं भन्ने म अध्यक्षमार्फत सांसद साथीहरूको ध्यान आकर्षण गराउन चाहन्छु ।

अब यहाँ माया शर्माजी, मृगेन्द्र कुमार सिंहले, शेखर कुमार सिंहले, नारायण दत्त मिश्रजीले पनि हिजोको उसमा बामदेव गौतमजीले, विमला राई पौडयालले, सुमित्रा वि.सी.ले, प्रकाश पन्थले, गोपी बहादुर आछामीले विभिन्न कुराहरू राम्रो सुझावहरू पनि दिनुभा' छ । यो

चाहिँ जनसङ्ख्याको आधारमा बजेट बाडियोस् र शिक्षा, स्वास्थ्य, कृषिलाई प्राथमिकता दिइयोस् विलासिताका सामान आयातलाई निरुत्साहित गरियोस् । त्यही विलासितालाई हामी निरुत्साहित इम्पोर्ट कन्ट्रोल गर्ने भन्दाखेरि हाम्रो त्यसले चाहिँ धेरै राजस्व कम भो' र हाम्रो खर्च गर्नलाई समस्या त्यसले आयो त्यसकारण के बन्द गर्ने के नगर्ने के कसले उपयोग गर्छ के गर्दैन भन्ने त्यो आमजनतालाई छोड्दिऊँ । हामीले के गरौं भनेदेखि कसरी हाम्रो अर्थतन्त्रमा समृद्धि सिर्जना गर्ने समृद्धिको पहुँचमा आमनागरिकलाई पुऱ्याउने । त्योतिर हामी केन्द्रित भयौं भने उपयुक्त हुन्छ ।

अब बामदेव गौतमजीले अब यो गरिने छ, हुने छ भन्ने कुरा अब गर्ने हुने कुरालाई त भन्नै पर्यो । गर्दै जाँदाखेरि कति भा'का छैनन् । कति भए अब मेरो कोसिस के हो भनेदेखि भन्या कुराहरूलाई गर्ने तर म न एक्लैले गरेर हुन्छ । समग्र राज्य संरक्षण सबैको सहयोगबाट त्यो सम्भव छ भन्ने मलाई लाग्दछ ।

अब यो विमलाजीले खर्च घटाउने कुरा आदि इत्यादिको कुरा अनावश्यक संरचना खारेज होस् , इन्धन प्रयोग घटाइ विद्युत् प्रयोजन यी तमाम् कुरामा हामीले सोचिरा' छौं । अनावश्यक खर्च अनावश्यक साधारण खर्च खर्च नगरे पनि केही फरक नपर्ने कुराहरू खर्च नगर्ने त्यो कुरा हामी प्रतिबद्ध छौं । त्यसैतर्फ हाम्रो चाहिँ बजेट उन्मुख हुन्छ । अब यो नयाँ आयोजना थप नगर्ने अब जुन आयोजना छ । त्यसलाई पूरा गर्ने भन्ने जुन कुरा छ । हामी पनि त्यही चाहन्छौं तर चौतर्फी दबाब छ । वडादेखि आइराख्या छ । अब हामी सङ्घीयतामा गैसक्यौं । स्थानीय निकायको त त्यही गर्ने हो । प्रदेश तहले कति पैसा बचाउला । मध्यस्तरीय आयोजनाहरू प्रदेशबाट गर्ने हो भन्ने कुरालाई हामी सबै मिलेर पुराउन जरुरी छ भन्ने मलाई लाग्छ । त्यस्तै गरेर अरू पनि धेरै महत्त्वपूर्ण सुझाव सल्लाहहरू यहाँ आएको छ । सबै सुझाव, सल्लाहलाई म स्वागत गर्न चाहन्छु र यहाँहरूले जुन अरू पनि धेरै माननीयजीहरूले यसै सेरोफेरोमा रहेर यहाँहरूले चाहिँ सुझाव दिनुभा' छ । सल्लाह दिनुभा' छ । प्रश्न उठाउनुभा' छ । त्यसलाई सरकारको तर्फबाट म सम्पूर्ण ग्रहण गर्न चाहन्छु । यहाँको सुझाव सल्लाहलाई मध्यनजर राखेर नै हामी बजेट निर्माण गर्छौं यद्यपि छोटो समय छ । कति हामीले यो सिस्टमलाई यही आर्थिक वर्षभित्रै सुधारेर नयाँ मार्गमा जान सक्दछौं । त्यो हामी सबैको सहयोग र एकाग्रताले त्यो सम्भव छ भन्ने मलाई लाग्दछ ।

अन्त्यमा फेरि पनि सम्पूर्ण माननीयज्यूहरूलाई म अध्यक्षज्यूको मार्फतबाट विश्वास दिलाउन चाहन्छु । कि यो सरकारको सम्पूर्ण ध्यान र मेरो अर्थमन्त्रीको हैसियतले सम्पूर्ण ध्यान मितव्यहितातर्फ केन्द्रित हुने छ । साधारण खर्च कटौनीतर्फ केन्द्रित हुने छ । अनावश्यक

संरचनालाई सकेसम्म घटाउनेतिर केन्द्रित हुने छ । पूँजीगत खर्चको प्रभावकारीता बढाउने र सकेसम्म पूँजीगत खर्च कहीं बढाउने ठाउँ छ कि? त्यो हदसम्म बढाउने कोसिस हुने छ ।

र सामाजिक सुरक्षा जुनका विषयमा कतिपय आशंका उठ्या छ । हामीले प्रतिबद्धता गरेका सामाजिक सुरक्षाका विषयमा हामी प्रतिबद्ध छौं । त्यसलाई चाहिँ फुलफिल गर्छौं । त्यसलाई कटौती गर्ने कुनै योजना छैन । जसरी भएपनि हामीले बोलिसकेका प्रतिबद्धता गरिसकेका कुराहरूबाट हामी पछि हट्दैनौं । त्यसका प्रति पनि हामी प्रतिबद्ध छौं । र सँगसँगै यो पुँजीगत खर्चको प्रभावकारिता र ब्याजदर घटाएर त्यो चाहिँ राष्ट्र बैङ्कमार्फत त्यो हुन्छ । र त्यसतर्फ चाढै नै केही पहल कदमी हुने छ भन्ने मैले विश्वास लिएको छु ।

त्यसमार्फतबाट हाम्रो अर्थतन्त्रलाई चलाएमान बनाउनेतर्फ सरकार केन्द्रित हुने छ र मलाई आसा छ । विश्वास छ । कि यो निरासाको बादलहरू जुन छ । त्यो बादलको अन्त्य हुन्छ । र फेरि पनि हामी एउटा सक्रियताका साथ अर्थतन्त्र निर्माणमा अगाडि बढ्छौं । र रोजगारीका अवसरहरू देशभित्रै सृर्जना गर्नेतर्फ अग्रसर हुन्छौं । तर एकै वर्षमा आउँदा एकै वर्षमा सबै हुन्छ भनेर म त्यो भन्न सक्दिन । तपाईंहरूलाई थाहा छ । यो लामो प्रोसेस हो । गाडी जस्तै हो । गाडी एउटा अगाडी बढ्नको लागि इन्जीन ठिक भएर मात्रै हुँदैन । ब्रेक ठिक भएर मात्रै हुँदैन । मैले पटक पटक भन्ने गर्‍या छु । टायर ठिक भएर मात्रै हुँदैन । सप्पै पाठपुर्जाले एउटै लक्ष्य प्राप्तितर्फ एकैसाथ उन्मुख हुनुपर्छ । त्यही गर्ने प्रयासमा हामी छौं । यो सरकार त्यही प्रयासमा अग्रसर भइराख्या छ । र अर्थमन्त्रीको हैसियतले इमान्दारितापूर्वक त्यसै दिशातर्फ म उन्मुख हुने छु भन्दै तपाईंहरूको सुझाव, सल्लाहको लागि धन्यवाद दिँदै र फेरि पनि तपाईंहरूको सुझाव, सल्लाहलाई चाहिँ उच्च महत्त्व दिँदै हाम्रो यो हाम्रो जुन प्राथमिकता र सिद्धान्त छ । त्यसलाई जुन त्यसले चाहिँ एउटा दिशा निर्देश गर्‍या छ । त्यहाँ पनि अझ कति विषय वस्तुहरू चाहिँ छुट्या छ भने देखि हामी चाहिँ बजेटमा समावेश गर्ने कोसिस गर्छौं । यति भनेर म सभामुखज्यूलाई पनि यो अहिले उत्तर दिने अवसर दिनुभएकोमा धन्यवाद दिँदै सभामुख, अध्यक्षज्यूमार्फत यहाँहरू सप्पैलाई धन्यवाद दिन चाहन्छु । धन्यवाद ।

**(१३:१४ बजे) <u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, "आर्थिक वर्ष २०८०/०८१ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्ताव बाहेक) सम्बन्धमा सभामा छलफल गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, आर्थिक वर्ष २०८०/०८१ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्ताव बाहेक) सम्बन्धमा सदस्यहरूबाट सभामा व्यक्त भएका सुझावहरू एकीकृत गरी सचिवालयमार्फत नेपाल सरकार, अर्थ मन्त्रालयमा पठाइने बेहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८० साल जेठ ३ गते बुधवार अपराह्न ६ बजेर ३१ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०८० साल जेठ ३ गते बुधवार अपराह्न ६ बजेर ३१ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः- १३:१४ बजे ।**